# बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी संयुक्त राष्ट्र संघीय निर्देशिका

# बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी संयुक्त राष्ट्र संघीय निर्देशिका

## (नेपालीमा अनुवाद)

**बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी संयुक्त राष्ट्र संघीय निर्देशिका**
**(नेपालीमा अनुवाद)**

प्रति : १०००

प्रकाशन :

भ्वाइस अफ चिल्ड्रेन
फोन : ०१-५५४८६१९, ५५४८०१८, ५५४६३९०
Email : info@voiceofchildren.org.np
Website : www.voiceofchildren.org.np

र

चङ्गा मासिक बालपत्रिका
फोन : ०१-५५२२७९५
Email : changamagazine@gmail.com
Website : www.changa.com.np

प्रकाशन सहयोग :
EveryChild.

# प्रकाशकीय

पारिवारिक वातावरणमा हुर्कन पाउनु बालबालिकाको अधिकार हो । विभिन्न कारणवश अहिले नेपाली बालबालिका परिवार छाड्न बाध्य छन् । केन्द्रीय बालकल्याण समितिले सन् २०११ मा प्रकाशन गरेको 'नेपालमा बालबालिकाको अवस्था (२०११)अनुसार १५ हजार ९५ बालबालिका विभिन्न ६०२ वटा बालगृहमा बसिरहेका छन् । यस्तै सोही समितिले सन् २००८ मा गरेको एक अध्ययनअनुसार ७२ प्रतिशत बालबालिका आमाबाबु तथा परिवार रहेपनि बालगृहमा बसिरहेका छन् ।  विभिन्न अध्ययनअनुसार नेपालका सहरहरुमा करिव ५ हजार सडक बालबालिका रहेको पाइन्छ । यस्तै, राष्ट्रिय बालश्रम प्रतिवेदन (२०१२)अनुसार नेपालमा करिव १ लाख ९२ हजार श्रमिक बालबालिकाहरु परिवारभन्दा बाहिर रहेर श्रममा संलग्न छन् । परिवारभन्दा बाहिर रहँदा बालबालिकाले विभिन्न यातना, हेला, हिंसा, दुर्व्यवहार, बेचबिखनको सामना गर्नु परेको अवस्था छ । उनीहरुलाई हिंसा, दुर्व्यवहार र विभिन्न जोखिमहरुबाट जोगाउन र पारिवारिक वातावरणमा हुर्कन पाउने अधिकारको संरक्षण गर्नका निम्ति वैकल्पिक हेरचाहको अवधारणा ल्याइएको हो । र नेपालमा पनि वैकल्पिक हेरचाहका निम्ति केही कामहरु हुन थालेका छन् ।

बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी सवालहरुलाई सम्बोधन गर्न संयुक्त राष्ट्र संघको महासभाबाट १८ डिसेम्बर २००९ मा वैकल्पिक हेरचाह सम्बन्धी निर्देशिका पारित भई २४ फेब्रुअरी २०१० को ६४ औं साधारण सभाबाट अनुमोदित समेत भइसकेको यसै निर्देशिकाको नेपाली अनुवाद प्रकाशन गर्ने जमर्को गरिएको हो । वैकल्पिक हेरचाहको क्षेत्रमा काम गरिरहेका र गर्न इच्छुक संघसंस्थाहरुका निम्ति सहयोगी हुने विश्वासका साथ यो निर्देशिकालाई अनुवाद गरी प्रकाशन गरिएको हो । यो निर्देशिकाको नेपाली अनुवाद प्रकाशनमा सहयोग पुऱ्याउने भ्वाइस अफ चिल्ड्रेन र एभ्री चाइल्डलाई विशेष धन्यवाद ।

राजेश शर्मा<br>
कार्यकारी सम्पादक<br>
चङ्गा मासिक बालपत्रिका

संयुक्त राष्ट्र संघ ए/आरइएस/६४/१४२*

साधारण सभा

वितरण सामान्य

२४ फेब्रुअरी २०१०

---

**६४ औं सेसन**
**एजेन्डा आइटम ६४**

**साधारण सभाबाट अनुमोदित**
**तेस्रो समिति (ए /६४/४३४) को प्रतिवेदनबाट**

## ६४/१४२. बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी निर्देशिका

**साधारण सभा,**

विश्वव्यापी मानवअधिकार घोषणापत्र[१] र बालअधिकार महासन्धि[२]लाई पुनःपुष्टि गर्दै र सन् २००९ मा महासन्धिको २० औं वार्षिकोत्सव मनाउँदै,

मानवअधिकार आयोग र महासभाका बालअधिकार सम्बन्धी पहिलेका संकल्प र मानवअधिकार परिषद्का हालैका ७/२९ २८ मार्च २००८ (२०६४ चैत्र १५)[३], ९/१३ २४ सेप्टेम्बर २००८ (२०६५ असोज ८)[४] र १०/८ २६ मार्च २००९ (२०६५ चैत्र १३)[५] र महासभाका ६३/२४१ २३ डिसेम्बर २००८ (२०६५ मङ्सिर ८) संकल्पहरूलाई पुनः पुष्टि गर्दै र बालबालिकाको वैकल्पिक हेरचाह निर्देशिका, जसको पूर्ण पाठ अनुसूचीको रूपमा यहाँ संलग्न गरिएको छ, जसले बालअधिकार महासन्धि र आमाबाबुको हेरचाहबाट वञ्चित वा सो हेरचाहबाट वञ्चित हुने जोखिममा परेका बालबालिकाको संरक्षण तथा सम्पन्नता सम्बन्धी अन्य अन्तर्राष्ट्रिय कानुनहरूका सान्दर्भिक प्रावधानको कार्यान्वयनलाई अभिवृद्धि गर्ने आशयसहितका नीति तथा अभ्यासका लागि वाञ्छनीय अभिमुखीकरण गर्ने कुरा मनन गर्दै मानवअधिकार परिषद् :

---

* प्राविधिक कारणवश १३ अप्रिल २०१० मा पुनः जारी गरिएको २१७ ए(३) बाट अनुमोदित

१ संयुक्त राष्ट्र संघ, १५७७ अंश, नं २७५३१

२ साधारण सभाको ६३ औं सेसनको ५३ ( ए /६४/५३) भाग २ संशोधित भागको आधिकारिक दस्तावेज हेर्नुहोस्

३ ऐ ऐ (माथि उल्लेख गरिएको जस्तै) ५३ ए (ए/६३/५३/थप १) को संशोधित भाग

४ ऐ ऐ (माथि उल्लेख गरिएको जस्तै) ६४ औं सेसन, ५३ ए (ए/६४/५३) को मूल भाग II, ए अंश

१. बालबालिकाको वैकल्पिक हेरचाह सम्बन्धी निर्देशिकालाई स्वागत गर्दछ;

२. राज्यहरुलाई यस निर्देशिकालाई लागू गरी सरोकारवाला समिति, सरकारको कानुन तथा न्यायिक निकाय, मानव अधिकार रक्षक तथा वकिल (अधिवक्ता) र सामान्य नागरिकहरुलाई यसको अवलम्बन निम्ति प्रोत्साहित गर्दछ ;

३. यस निर्देशिकालाई संयुक्त राष्ट्र संघ मातहतका सबै भाषाहरुमा उपलब्ध हुने गरी अनुवाद गरी सदस्य राष्ट्रहरु, क्षेत्रीय आयोग र सरोकारवाला सरकारी र गैर सरकारी संस्थाहरुमा प्रचार-प्रसार (प्रदर्शन) का निम्ति महासचिवालय अनुरोध गर्दछ ।

६५औं पूर्णकालीन बैठक

१८ डिसेम्बर २००९

अनुसूची

# बालबालिकाको वैकल्पिक हेरचाह निर्देशिका

१. उद्देश्य

१. बालअधिकार महासन्धि र आमाबाबुको हेरचाहबाट वञ्चित वा सो हेरचाहबाट वञ्चित हुने जोखिममा परेका बालबालिकाको संरक्षण तथा सम्पन्नता सम्बन्धी अन्य अन्तर्राष्ट्रिय कानुनहरूका सान्दर्भिक प्रावधानको कार्यान्वयनलाई अभिवृद्धि गर्नु यस निर्देशिकाको आशय हो ।

२. यी अन्तर्राष्ट्रिय कानुनहरूको पृष्ठभूमि र यस क्षेत्रमा बढ्दो ज्ञान र अनुभवलाई मध्यनजर गर्दै निर्देशिकाले नीति तथा अभ्यासका लागि वाञ्छनीय अभिमुखीकरण प्रदान गर्दछ । निर्देशिका वैकल्पिक हेरचाहसँग प्रत्यक्ष वा परोक्ष रूपमा सम्बन्धित सबै क्षेत्रहरूमा व्यापक रूपमा प्रसार गर्नका लागि तयार गरिएको हो र विशेष गरी यसले निम्न कार्यहरू गर्ने ध्येय राख्दछ :

(क) बालबालिकालाई आफ्नै परिवारको हेरचाह अन्तर्गत राख्ने वा हेरचाहका लागि उनीहरूकै परिवारमा फर्काउने वा सो गर्न सफल नभएमा धर्मपुत्र-पुत्री (आफ्ना) ग्रहण र इस्लाम काफला कानुन लगायतका अन्य उपर्युक्त तथा स्थायी समाधान खोज्ने प्रयासमा सहयोग गर्ने,

(ख) यस्ता स्थायी समाधानहरू खोजिँदा वा कतिपय स्थितिमा यी सम्भव नहुँदा वा यी बालबालिकाको सर्वोत्तम हितमा नहुँदा बालबालिकाको पूर्ण तथा उचित विकासलाई प्रवर्द्धन गर्ने वैकल्पिक हेरचाहका उत्कृष्ट स्वरूप पहिल्याउने र प्रदान गर्ने कुरा सुनिश्चित गर्ने,

(ग) मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक स्थिति ध्यानमा राख्दै दायित्व र कर्तव्य निर्वाह गर्न सरकारलाई सहयोग एवं प्रोत्साहित गर्ने,

(घ) बालबालिकाको सामाजिक संरक्षण तथा हितसँग सम्वद्ध नागरिक समाज लगायत सबै सार्वजनिक तथा निजी क्षेत्रहरूका नीति, निर्णय र क्रियाकलापलाई मार्गदर्शन गर्ने ।

## २. सामान्य सिद्धान्त तथा दृष्टिकोण

### क. बालबालिका तथा परिवार

३. परिवार समाजको आधारभूत समूह, बालबालिकाको वृद्धि, सम्पन्नता र संरक्षणका लागि प्राकृतिक वातावरणयुक्त थलो भएको हुँदा सर्वप्रथम बालबालिकालाई आफ्नै परिवारको हेरचाह अन्तर्गत रहन वा हेरचाहका लागि उनीहरूकै परिवार वा उपयुक्त लागेको खण्डमा निकट आफन्त कहाँ फर्कनका लागि सक्षम तुल्याउन प्रयास लक्षित गरिनु पर्दछ। हेरचाह गर्ने भूमिकाका स्वरूपमा परिवारहरूको पहुँच भए-नभएको राज्यले सुनिश्चित गर्नु पर्दछ।

४. आफ्नो पूर्ण सम्भावनालाई संरक्षित, हेरचाहयुक्त वातावरणमा र आफ्ना सम्भावनाको प्रवर्द्धन गर्ने खालको हरेक बालबालिका वा किशोर-किशोरीले बाँच्न पाउनु पर्दछ । आमाबाबुबाट पर्याप्त हेरचाह नगरिएका वा हेरचाह नै नगरिएका बालबालिका यस्तो भरण पोषणयुक्त वातावरण नपाउने जोखिममा पर्दछन् ।

५. उपयुक्त सहयोगका बावजुद बालक वा बालिकाको परिवार निजको पर्याप्त हेरचाह गर्न अक्षम भएमा वा निजलाई परित्याग गरेमा बालअधिकार संरक्षण गर्ने र अधिकारप्राप्त स्थानीय निकाय तथा अधिकार प्राप्त नागरिक समाज संस्थाहरूसँग वा उनीहरू मार्फत् उपयुक्त वैकल्पिक हेरचाह सुनिश्चित गर्ने दायित्व राज्यको हुन्छ । अधिकार प्राप्त आफ्ना निकाय मार्फत वैकल्पिक हेरचाह अन्तर्गत राखिएको बालक वा बालिकाको सुरक्षा, सम्पन्नता र विकास सम्बन्धी सुपरिवेक्षण र निजलाई गरिने हेरचाह कति उपयुक्त छ वा छैन भन्ने कुराको नियमित समीक्षा सुनिश्चित गर्नु राज्यको भूमिका हो ।

६. बाल सुरक्षा सुनिश्चित गर्ने दृष्टिकोणबाट यस निर्देशिकाको दायराभित्र पर्ने सबै निर्णय, पहल र पद्धति कैरन अनुसार अपनाइनु पर्दछ । गैरविभेदको सिद्धान्त र लैङ्गिक दृष्टिकोणलाई ध्यानमा राख्दै सम्बन्धित बालक वा बालिकाका अधिकार तथा सर्वोतम हितमा आधारित हुनु पर्दछ। यी निर्णय, पहल र पद्धतिले परामर्श गरिने बालक वा बालिकाको अधिकारलाई पूर्णतः सम्मान गर्नु पर्दछ र विकास हुँदै गएको क्षमता बमोजिम र आवश्यक सबै सूचनामा पहुँच भए-नभएको आधारमा निजका विचारलाई ध्यानमा राखिनु पर्दछ। यस्तो परामर्श र सूचना प्रावधानलाई बालक वा बालिकाको रुचिअनुसारको भाषामा सञ्चालन गर्न हरेक प्रयास गरिनु पर्दछ।

७. यो वर्तमान निर्देशिका लागू गर्दा आमाबाबुको हेरचाहबाट वञ्चित भएका वा वञ्चित हुने जोखिममा परेका बालबालिकाका लागि गरिने कार्यहरू पहिचान गर्न निजको

सर्वोत्तम हित निर्धारण गरिनेछ । यस्तो हित निर्धारण गर्ने समयमा तथा दीर्घकालीन रूपमा परिवारमा अधिकारको पूर्ण तथा व्यक्तिगत विकास र सामाजिक तथा सांस्कृतिक वातावरण र अवस्थालाई अधिकारका विषयका रूपमा ध्यानमा राख्दै बालबालिकाका आवश्यकता तथा अधिकारलाई पूरा गर्ने खालको हुनु पर्दछ । निर्धारण प्रक्रियाले अन्य अधिकारका अतिरिक्त आफ्ना भनाइ सुनिनुपर्ने बालबालिकाको अधिकार र निजको उमेर तथा परिपक्वता अनुसारका विचार ध्यानमा राख्नु पर्दछ ।

८. यस निर्देशिकामा भएका सिद्धान्तलाई प्रतिबिम्बित गर्दै विद्यमान वैकल्पिक हेरचाह प्रावधानको सुधारमा ध्यान दिँदै आफ्नो समग्र सामाजिक तथा मानव विकास नीति खाकाभित्र रही राज्यले बृहत् बालहित तथा संरक्षण नीति तर्जुमा गरी कार्यान्वयन गर्नु पर्दछ ।

९. बालबालिकालाई आफ्ना आमाबाबुबाट छुट्टिनबाट रोकथाम गर्न गरिने प्रयासहरूको एक अंशको रूपमा राज्यले उपर्युक्त र सांस्कृतिक रूपमा संवेदनशील उपायहरू सुनिश्चित गर्ने गर्नु पर्दछः

(क) अपाङ्गता, लागू औषध तथा मदिरा दुरुपयोग, जनजाति वा अल्पसंख्यक समुदायको पृष्ठभूमि भएका परिवारहरू विरुद्ध विभेद र सशस्त्र द्वन्द्व वा विदेशीको कब्जामा बाँच्नु परेका कारण सीमित क्षमता भएका परिवारले गर्ने हेरचाहमा सहयोग गर्ने,

(ख) दुर्व्यवहार र शोषणबाट प्रभावित, परित्यक्त, सडकमा बस्ने, गैर वैवाहिक सम्बन्धबाट जन्मेका, कसैको साथ नपाएका र परिवारबाट छुट्टिएका, आन्तरिक रूपमा विस्थापित र शरणार्थी भएका बालबालिका, भ्रमणशील कामदारहरू र आश्रयको खोजीमा हिँडेकाहरूका बालबालिका र एच.आई.भी./एड्स र अन्य गम्भीर रोगहरूसहित बाँचेका वा प्रभावित जस्ता संकटाभिमुख बालबालिकालाई उपयुक्त हेरचाह तथा संरक्षण प्रदान गर्ने,

१०. गरिबी, जातीय, धर्म, लिङ्ग, मानसिक तथा शारीरिक अपाङ्गता, एच.आई.भी./एड्स वा अन्य गम्भीर शारीरिक वा मानसिक रोगहरू, गैर-वैवाहिक सम्बन्धबाट जन्म, सामाजिक-आर्थिक लाञ्छना र बालक वा बालिकालाई परित्याग गर्ने वा परिवारबाट छुट्याउने खालका अन्य अवस्था र परिस्थिति लगायतका बालबालिका वा आमाबाबुका कुनै पनि अवस्थाको आधारमा हुने विभेद समाधान गर्न विशेष प्रयास गरिनु पर्दछ ।

## ख. वैकल्पिक हेरचाह

११. परिवारसँग सम्पर्क र सम्भाव्य पुनःएकीकरणका लागि सहजीकरण गर्न र शैक्षिक, सांस्कृतिक तथा सामाजिक जीवनका अवरोधलाई न्यूनीकरण गर्न बसोवास गर्ने बानी

परेको स्थानमा नै बालक वा बालिकालाई यथासम्भव राखिदिने निजको इच्छालाई वैकल्पिक हेरचाहसँग सम्बद्ध सबै निर्णयमा मनन गरिनु पर्दछ ।

१२. अनौपचारिक हेरचाहमा रहेका लगायत वैकल्पिक हेरचाहमा रहेका बालबालिका सम्बन्धी निर्णयहरूमा हेरचाह गर्ने व्यक्तिहरूसँग सुरक्षित तथा निरन्तर लगावका लागि बालबालिकाका लागि स्थायी घर र आधारभूत आवश्यकता परिपूर्तिको सुनिश्चितताालाई ध्यान दिइनु पर्दछ ।

१३. हेरचाह गरिने जुनसुकै परिवेशमा रहे पनि बालबालिकासँग सधैं मर्यादित तथा सम्मानित व्यवहार गरिनु पर्दछ र निजले हेरचाह गर्ने व्यक्ति, दौँतरी वा तेस्रो पक्षबाट दुर्व्यवहार, उपेक्षा र सबै प्रकारका शोषणबाट प्रभावकारी संरक्षण पाउनु पर्दछ ।

१४. पारिवारिक हेरचाहबाट कुनै बालक वा बालिकालाई अलग्याउनुलाई अन्तिम उपायको रूपमा हेरिनु पर्दछ । यस्तो अलग्याई अस्थायी र यथासम्भव छोटो अवधिको हुनु पर्दछ । अलग्याउने निर्णयहरूको निरन्तर रूपमा समीक्षा गरिनु पर्दछ र अलग्याउने सम्बन्धी मूल कारणहरू एकपटक समाधान वा अदृश्य भएपछि अनुच्छेद ४९ मा प्रस्तुत लेखाजोखालाई ध्यानमा राख्दै बालक वा बालिकाको आमाबाबुको हेरचाह तर्फको पुनरागमन निजको सर्वोत्तम हितमा हुनु पर्दछ ।

१५. वित्तीय तथा भौतिक गरिबी वा यस्तो गरिबीलाई प्रत्यक्ष वा अद्वितीय रूपमा दोष लगाउने अवस्था आमाबाबुको हेरचाहबाट बालक वा बालिकालाई अलग्याउन, वैकल्पिक हेरचाह अन्तर्गत निजलाई राख्न वा निजलाई पुनःएकीकरणबाट रोक्नका लागि मात्र कहिल्यै पनि तर्कको रूपमा प्रयोग गरिनु हुँदैन् । बरु यसलाई परिवारलाई सहयोग गर्नुपर्ने आवश्यकताको संकेतको रूपमा लिइनु पर्दछ ।

१६. शिक्षा, स्वास्थ्य र अन्य आधारभूत सेवामा पहुँच, पहिचानको अधिकार, धर्म वा आस्था, भाषा र सम्पत्ति रक्षाको स्वतन्त्रता र पैतृक सम्पत्तिको अधिकार लगायत आमाबाबुको हेरचाहको अभावमा उत्पन्न विशेष परिस्थितिमा अन्य अधिकारहरूको प्रवर्द्धन तथा सुरक्षामा ध्यान दिइनु पर्दछ ।

१७. दुर्व्यवहारमा पर्ने जोखिम प्रष्ट नभएसम्म वा बालबालिकाको सर्वोत्तम हितका लागि अन्य औचित्य नभएसम्म अझै सम्बन्ध कायम रहेका दाजुभाइ वा दिदीबहिनीलाई वैकल्पिक हेरचाह अन्तर्गत राखेर सिद्धान्ततः अलग्याइनु हुँदैन । कुनै पनि स्थितिमा इच्छा वा रुचि भएमा एक-अर्कासँग सम्पर्क निर्वाहका लागि निजहरूलाई सक्षम तुल्याउन हरेक प्रयासमा एकदम ध्यान पुऱ्याउनु पर्दछ ।

१८. अधिकांश मुलुकहरूमा आमाबाबुको हेरचाह विनाका बहुसंख्यक बालबालिकाको अनौपचारिक रूपमा आफन्तहरू वा अन्यले हेरचाह गर्छन् भन्ने कुरालाई मान्यता दिँदै बालअधिकार र बालबालिकाको सर्वोत्तम हितसँग नबाझिने सांस्कृतिक, आर्थिक, लैङ्गिक र धार्मिक भिन्नतालाई यथोचित् सम्मान सहित यस्तो अनौपचारिक हेरचाह बन्दोबस्त अन्तर्गत रहेका बालबालिकाको हित र संरक्षण सुनिश्चित गर्न यस निर्देशिकासँग मेल खाने उपयुक्त उपायको खोजी राज्यले गर्नु पर्दछ।

१९. कुनै पनि बालक वा बालिका कुनै पनि समय वैधानिक अभिभावक वा अन्य मान्यता प्राप्त उत्तरदायी वयस्क वा अख्तियारवाला सार्वजनिक निकायको सहयोग विना रहनु हुँदैन।

२०. वैकल्पिक हेरचाहको प्रावधानलाई कहिल्यै पनि प्रदायकहरूको राजनीतिक, धार्मिक वा आर्थिक लक्ष्यलाई अगाडि बढाउने मूख्य अभिप्रायका साथ लिइनु हुँदैन्।

२१. आवासीय हेरचाहको प्रयोग केश (घटना) का आधारमा सीमित गरिनु पर्दछ, जहाँ यस्तो हेरचाह सम्बन्धित बालक वा बालिकाका लागि उपयुक्त, आवश्यक र रचनात्मक तथा निजको सर्वोत्तम हितमा हुन्छ।

२२. विज्ञहरूको विचार अनुसार कलिला बालबालिका विशेष गरी तीन वर्ष मुनिकाको परिवारमा आधारित वातावारणमा वैकल्पिक हेरचाह गरिनु पर्दछ। तर, दाजुभाइ वा दिदीबहिनीलाई अलग्गिनबाट रोक्न र वैकल्पिक हेरचाह अन्तर्गत राखिनुपर्ने स्थिति आकस्मिक प्रकृति वा योजनाबद्ध पारिवारिक पुनःएकीकरण वा अन्य उपयुक्त दीर्घकालीन हेरचाह सहितको पूर्वनिर्धारित र अति सीमित अवधिको हो भने मात्र यो सिद्धान्त अपवादमा पर्दछ।

२३. ठूला आवासीय हेरचाह सुविधाहरू (संस्थाहरू) भएका ठाउँमा आवासीय हेरचाह, सुविधा र परिवारमा आधारित हेरचाह बालबालिकाका आवश्यकता परिपूर्ति गर्ने कार्यमा एक-अर्काका पूरक हुन् भन्ने कुरालाई मान्यता दिँदा समग्र निःसंस्थाकरण रणनीतिको परिप्रेक्ष्यमा यथार्थ लक्ष्य र उद्देश्य सहित विकल्पहरूको विकास गरिनु पर्दछ। यसरी विकल्पहरू विकास गर्दा बालबालिकालाई अनुकूल हुने गुणस्तर र अवस्था सुनिश्चित गर्न एकल वा साना समूहगत हेरचाहजस्ता मापदण्ड राज्यले निर्धारण गर्नु पर्दछ र मापदण्ड अनुरूप विद्यमान सुविधा भए-नभएको मूल्याङ्कन गरिनु पर्दछ। नयाँ सार्वजनिक वा निजी आवासीय हेरचाह सुविधाको स्थापना वा स्थापना गर्ने अनुमति सम्बन्धी निर्णयहरू गर्दा यस निःसंस्थाकरणका उद्देश्य तथा रणनीति ध्यानमा राखिनु पर्दछ।

**प्रयोगलाई प्रवर्द्धन गर्ने उपायहरू**

२४. यस निर्देशिकाको समयमै अधिकतम तथा अग्रगामी कार्यान्वयन सुनिश्चित गर्न राज्यले विकासे सहकार्यको ढाँचामा रही अधिकतम उपलब्ध मानव संसाधन तथा वित्तीय स्रोत विनियोजन गर्नु पर्दछ । राज्यले सबै सान्दर्भिक अख्तियारवालाहरू बीच सक्रिय सहयोग र प्रत्यक्ष वा परोक्ष रूपमा सम्बद्ध सबै मन्त्रालयहरू भित्र बालबालिका तथा पारिवारिक हित सम्बन्धी सवालहरूको मूलप्रवाहीकरणका निम्ति सहजीकरण गर्नु पर्दछ ।

२५. यो निर्देशिका कार्यान्वयन गर्न अन्तर्राष्ट्रिय सहयोगको आवश्यकता छ भने सो निर्धारण गर्नु र सहयोगका लागि अनुरोध गर्नु राज्यको दायित्व हो । यस्तो अनुरोध गर्दा यथोचित ध्यान दिइनु पर्दछ र अनुरोधले सम्भव तथा उपयुक्त भएसम्म अनुकूल प्रत्युत्तर पाउनु पर्दछ । निर्देशिकाको बढ्दो कार्यान्वयन विकास सहयोग कार्यक्रमहरूमा चित्रित हुनु पर्दछ । कुनै राज्यलाई सहायता प्रदान गर्दा विदेशी निकायहरूले यस निर्देशिकासँग बाझिने कुनै पनि पहल गर्नु हुन्न ।

२६. यस वर्तमान निर्देशिकामा भएको कुनै पनि बुँदा वा प्रावधान सम्बन्धित राज्यका कानुन लगायतका मापदण्डहरूभन्दा प्रोत्साहन दिने वा माफ गर्ने मापदण्डहरूको रूपमा व्याख्या गरिनु हुन्न । यसरी नै निर्देशिकाको मर्म र भावनामा आधारित राष्ट्रिय वा व्यावसायिक रूपमा निर्दिष्ट निर्देशिका तयार गर्न अधिकारप्राप्त निकाय, व्यावसायिक संघसंस्था एवम् अन्यहरूलाई प्रोत्साहित गरिन्छ ।

## ३. निर्देशिकाको क्षेत्र

२७. यो वर्तमान निर्देशिका १८ वर्षमुनिका (कानुनले तोकेको बालिग हुने उमेर योभन्दा कम नभएमा) सबै व्यक्तिहरूलाई गरिने वैकल्पिक औपचारिक हेरचाहको उपयुक्त प्रयोग र अवस्थामा लागू हुन्छ । विस्तारित परिवार र समुदाय दुवैले निर्वाह गर्ने भूमिका र बालअधिकार सम्बन्धी महासन्धिमा उल्लेख गरेअनुरूप आमाबाबु वा कानुनी हेरचाहकर्ताहरूको हेरचाहमा नरहेका बालबालिकाप्रतिको राज्यकको दायित्वलाई सम्मान गर्दै यो निर्देशिका इङ्गित गरिएको ठाउँमा अनौपचारिक सेवामा पनि लागू हुन्छ ।

२८. निर्देशिकामा भएका सिद्धान्तहरू वैकल्पिक हेरचाहमा पहिलेदेखि नै रहेका कलिला बालबालिका र कानुनले तोकेको बालिग उमेर पुगिसकेपछि संक्रमणकालीन अवधिका लागि निरन्तर हेरचाह वा सहयोग आवश्यक पर्नेहरूका लागि पनि लागू हुन्छन् ।

२९. यस निर्देशिकाको प्रयोजन र अनुच्छेद ३० मा सूचीकृतबाहेकका विषयका लागि निम्न परिभाषाहरू लागू हुनेछन् :

(क) आमाबाबुको हेरचाह विहीन बालबालिका : कारण वा परिस्थिति जेसुकै भएपनि आमाबाबु मध्ये एकजनाले पनि हेरचाह नगरेका सबै बालबालिका । आफू बसोबास गर्दै आएका मुलुकभन्दा अन्य मुलुकमा रहेका आमाबाबुको हेरचाह विनाका बालबालिका र आकस्मिक स्थितिबाट प्रभावित बालबालिकालाई देहाय बमोजिम परिभाषित गर्न सकिन्छ :

(i) 'संगै नपाएका' अर्को आफन्त वा वयस्कले हेरचाह गर्नुपर्ने दायित्व कानुनी प्रावधान वा परम्परामा भएपनि हेरचाह नगरिएका । वा,

(ii) 'अलगिएका' अन्य आफन्तको साथ पाउन सके पनि पहिलेका कानुनी वा परम्परागत प्राथमिक साथै आफन्तको हेरचाहकर्ताबाट छुट्टिएका ।

(ख) वैकल्पिक हेरचाहका निम्न स्वरूपहरू हुन सक्छन् :

(i) अनौपचारिक हेरचाह : पारिवारिक वातावरणमा गरिएको त्यस्तो निजी बन्दोबस्त जसमा बालबालिका, आमाबाबु वा अन्य व्यक्तिको पहलमा आआफ्नो व्यक्तिगत क्षमता अनुसार आफन्त वा साथी वा अन्यहरूले निरन्तर वा अनिश्चित कालका लागि बालबालिकाको हेरचाह गर्दछन् । यस्तो बन्दोबस्त प्रशासनिक वा न्यायिक निकाय वा अधिकार प्राप्त कुनै निकायको आदेश विना नै गरिन्छ ।

(ii) औपचारिक हेरचाह : पारिवारिक वातावरणमा अधिकारप्राप्त प्रशासनिक वा न्यायिक निकायको आदेशमा गरिने सबै हेरचाह र प्रशासनिक वा न्यायिक निकायका उपायको परिणाम स्वरूप वा उपाय नगरिकनै निजी सुविधाहरू (संस्थानहरू)मा लगायत आवासीय वातावरणमा गरिने सबै हेरचाह ।

(ग) वातावरणको दृष्टिकोणबाट वैकल्पिक हेरचाह निम्न प्रकारका हुन सक्छन् :

(१) नातेदार स्याहार (हेरचाह) : बालबालिकाको विस्तारित परिवारभित्र परिवारमा आधारित वा बालबालिकालाई ज्ञात भएको आफ्नै परिवारका निकट मित्रहरूको साथमा गरिने औपचारिक वा अनौपचारिक हेरचाह ।

(२) संरक्षक (फोस्टर) स्याहार : आफ्नो परिवारको नभई अन्य कुनै परिवारको घरेलु वातावरणमा वैकल्पिक हेरचाहका लागि अधिकारप्राप्त निकायद्वारा बालबालिकालाई राखिएको स्थिति । बालबालिकाको हेरचाह गर्न यस्तो परिवार छनोट गरिन्छ, उपयुक्त ठहऱ्याइन्छ, स्वीकृति दिइन्छ र सुपरिवेक्षण पनि गरिन्छ ।

(३) परिवारमा आधारित वा परिवारमा जस्तो गरिने हेरचाहका अन्य स्वरूपहरू ।

(४) आवासीय हेरचाह : आकस्मिक हेरचाहका लागि सुरक्षित स्थल, आकस्मिक स्थितिका लागि अल्पकालीन (ट्रान्जिट) केन्द्र र सामूहिक गृह लगायत सबै अल्पकालीन एवम् दीर्घकालीन हेरचाह संस्थानहरूजस्ता गैर-परिवारमा आधारित सामूहिक वातावरणमा गरिने हेरचाह ।

(५) बालबालिकाका लागि सुपरिवेक्षण गरिने स्वतन्त्र बसोवासको बन्दोबस्त ।

(घ) **वैकल्पिक हेरचाह प्रति उत्तरदायी :**

(i) बालबालिकाका लागि वैकल्पिक हेरचाहको व्यवस्था गर्ने सार्वजनिक वा निजी निकायहरू ।

(ii) बालबालिकाका लागि आवासीय हेरचाहको व्यवस्था गर्ने सार्वजनिक वा निजी संस्थानहरू ।

३०. यस निर्देशिकामा व्यवस्था गरिएको वैकल्पिक हेरचाहको दायराभित्र निम्न लिखित पर्दैनन् :

(क) कानुन उल्लङ्घन गरेको भनी अभियोग वा आरोप लागेको वा पहिचान गरिएको आधारमा न्यायिक वा प्रशासनिक निकायको निर्णयद्वारा आफ्नो स्वतन्त्रताबाट वञ्चित भएका र जसको स्थिति अल्पवयस्क न्यायका लागि संयुक्त राष्ट्रसङ्घीय मानक न्यूनतम नियमहरू र स्वतन्त्रताबाट वञ्चित अल्पवयस्क संरक्षण[1]का लागि राष्ट्रसङ्घीय मानक न्यूनतम नियम[2]हरूमा समेटिएको १८ वर्षमुनिका व्यक्तिहरू ।

(ख) धर्मपुत्र-पुत्री ग्रहण आदेश बमोजिम जिम्मा लगाइएको सम्बन्धित बालक वा बालिका जिम्मा लगाएकै क्षणदेखि नै यस निर्देशिकाको प्रयोजनका लागि पारिवारिक हेरचाहमा रहेको मानिन्छ । यो निर्देशिका धर्मपुत्र-पुत्री ग्रहण गर्नुअघि वा भावी धर्म मातापिता सँगको परीक्षण स्थापन अवधिका लागि पनि लागू हुन्छ ।

(ग) अनौपचारिक बन्दोबस्त जहाँ बालक वा बालिका मनोरञ्जनात्मक उद्देश्यका लागि आफन्त वा साथीहरूसँग स्वेच्छाले बस्छन् र यसरी बस्नुको कारण पर्याप्त हेरचाह गर्ने आमाबाबुको अक्षमता र अनिच्छासँग गाँसिएको हुँदैन ।

---

१ अनुसूची ४०/४३, संशोधित

२ अनुसूची ४५/११३, संशोधित

३१. अधिकार प्राप्त निकाय र अन्य सम्बन्धित निकायहरूलाई यो निर्देशिका आवश्यकताअनुरूप बोर्डिङ स्कुल, अस्पताल, बाल मानसिक तथा शारीरिक अपाङ्गताको क्षेत्रमा कार्यरत संस्था, शिविर, कार्यथलो र बालबालिकाको हेरचाहका लागि उत्तरदायी अन्य स्थानहरूमा प्रयोग गर्न प्रोत्साहित गरिन्छ ।

## ४. वैकल्पिक हेरचाहको आवश्यकतालाई रोकथाम गर्ने

### क. पारिवारिक हेरचाहलाई प्रवर्द्धन

३२. बालबालिकाप्रति निर्वाह गर्नुपर्ने दायित्वका लागि परिवारहरूलाई सहयोग सुनिश्चित गर्न राज्यले नीति कार्यान्वयन गर्नु पर्दछ र दुवै आमाबाबुसँग सम्बन्ध राख्न पाउने बालअधिकारलाई प्रवर्द्धन गरिनु पर्दछ । सो नीतिले अन्य अधिकार लगायत जन्मदर्ता, पर्याप्त आवास र आधारभूत स्वास्थ्य, शिक्षा र समाज कल्याण सेवामा पहुँचको अधिकार सुनिश्चत गर्दै गरिबी, विभेद, सीमान्तकरण, हिंसा, बाल दुर्व्यवहार र यौन दुराचार र लागूऔषध दुर्व्यसनसँग लड्ने उपायहरूलाई प्रवर्द्धन गर्दै बालबालिकालाई परिवारबाट परित्यक्त हुने र छुट्टिनेजस्ता समस्याका मूल कारणहरूलाई सम्बोधन गरिनु पर्दछ ।

३३. बालबालिकाको हेरचाहका लागि आमाबाबुको क्षमतालाई प्रवर्द्धन तथा सुदृढ गर्न राज्यले परिवारमुखी नीतिहरू तर्जुमा तथा कार्यान्वयन गर्नु पर्दछ ।

३४. परिवारबाट बालबालिकालाई परित्यक्त हुन र छुट्टिनबाट रोक्न राज्यले प्रभावकारी उपायहरू कार्यान्वयन गर्नु पर्दछ । बालबालिकाको पर्याप्त संरक्षण, हेरचाह र विकासका लागि सबल तुल्याउन सामाजिक नीति तथा कार्यक्रमहरू मार्फत् परिवारहरूको प्रवृत्ति, सीप, क्षमता र विधिले सशक्तीकरण गरिनु पर्दछ । यो उद्देश्य परिपूर्ति गर्न राज्य र गैरसरकारी र समुदायमा आधारित संघसंस्था, धार्मिक नेता र सञ्चार माध्यमहरू लगायत नागरिक समाजको परिपूरक क्षमता संलग्न हुनु पर्दछ । यी सामाजिक संरक्षण उपायहरूले निम्न कुरा समेट्नु पर्दछ ः

(क) अभिभावकत्व स्याहार तालिम तथा सत्र, आमाबाबु तथा बालबालिकाबीच सकारात्मक सम्बन्ध प्रवर्द्धन, द्वन्द्व समाधान सीप, रोजगारी तथा आर्यआर्जनका अवसर र आवश्यकता परेको ठाउँमा सामाजिक सहायताजस्ता परिवार सुदृढीकरण सेवा ।

(ख) दिवा स्याहार, मध्यस्थता तथा मेलमिलाप सेवा, लागू पदार्थ दुर्व्यसन उपचार, वित्तीय सहायता र अपाङ्गता भएका आमाबाबु तथा बालबालिका

सेवाजस्ता सहयोगी सामाजिक सेवा । एकीकृत तथा गैर हस्तक्षेपकारी प्रकृतिका यस्ता सेवा सिधै सामुदायिक तहमा उपलब्ध हुनु पर्दछ र परिवार हरूका स्रोत समुदाय र हेरचाहकर्ताका स्रोतसँग गाँस्दै परिवारहरूलाई साझेदारको रूपमा संलग्न गराउनु पर्दछ ।

(ग) आमाबाबुको घर छाड्ने, भावी आमाबाबु तयार गर्ने, यौन तथा प्रजनन स्वास्थ्यबारे उचित निर्णय गर्ने एवम् यस सम्बन्धमा आफ्ना दायित्व पूरा गर्नेजस्ता निर्णय लगायत दैनिक जीवनका चुनौतीहरूलाई सकारात्मक ढङ्गले सामना गर्नका निम्ति युवाहरूको सशक्तीकरणप्रति लक्षित युवा नीति ।

३५. घर भ्रमण, अन्य परिवारहरूसँग सामूहिक बैठक, केस सम्मेलन र सम्बन्धित परिवारद्वारा प्रतिबद्धता प्राप्तिजस्ता सहयोग प्रक्रियाभर पारिवारिक सहयोगका लागि विभिन्न पूरक तरिका तथा तरिकाहरु प्रयोग गरिनु पर्दछ । यी तरिका अन्तर परिवार सम्बन्धको सहजीकरण र समुदायमा परिवारहरूको एकीकरण प्रवर्द्धन तर्फ लक्षित हुनु पर्दछ ।

३६. एकल तथा युवा, आमाबाबु र उनका वैवाहिक सम्बन्धबाट होस् वा अन्यथा जन्मेका बालबालिकाका लागि सहयोग र हेरचाह सेवाको प्रावधान तथा प्रवर्द्धनमा स्थानीय कानुन बमोजिम विशेष ध्यान दिइनु पर्दछ । आफ्नो विकासका लागि सबै उपयुक्त सेवा, आफूले पाउनुपर्ने भत्ता र पैतृक सम्पत्ति अधिकारमा पहुँच लगायत युवा आमाबाबुले आमाबाबु तथा बालबालिका दुवैको रूपमा आफूमा निहित सबै अधिकार कायम गरून् भन्ने कुरा राज्यले सुनिश्चित गर्नु पर्दछ । गर्भवती किशोरीहरूको संरक्षण सुनिश्चित गर्न र उनीहरूले आफ्नो अध्ययन जारी राख्न सकून् भन्ने कुराको प्रत्याभूति गर्न उपायहरू अपनाइनु पर्दछ । एकल तथा युवा पितृत्व मातृत्वसँग गाँसिएको लाञ्छनालाई घटाउन पनि प्रयास गरिनु पर्दछ ।

३७. आमाबाबु वा हेरचाहकर्ता गुमाएका दाजुभाइ वा दिदीबहिनीले घरमूलीको रूपमा भूमिका निर्वाह गर्ने सबैभन्दा जेठा दाइ वा सबैभन्दा जेठी दिदीको इच्छा र क्षमताबमोजिम सगोलमा एकै परिवारमा बस्न चाहेमा यस्ता दाजुभाइ वा दिदीबहिनीलाई सहयोग र सेवा उपलब्ध गराइनु पर्दछ । राज्यले कानुनी अभिभावक वा मान्यता प्राप्त वयस्क वा अभिभावकको भूमिका निर्वाह गर्न कानुनी रूपमा अख्तियारी पाएको सार्वजनिक निकायको नियुक्ति मार्फत् यस्ता परिवारहरूले शोषण र दुर्व्यवहारका सबै रूपबाट अनिवार्य संरक्षण पाउने र बालबालिकाको स्वास्थ्य, आवास, शिक्षा र पैतृक सम्पत्ति अधिकारसँग विशेष सरोकार राख्ने स्थानीय सामाजिक कार्यकर्ताको सेवा र स्थानीय समुदायको तर्फबाट सुपरिवेक्षण र सहयोग पाउने कुरा सुनिश्चित गर्नु पर्दछ । यस्ता

परिवारमा घरमूलीको भूमिका निर्वाह गर्ने बालक वा बालिकाले (घरमूलीको अधिकारका अतिरिक्त) शिक्षा तथा आरामको अधिकार लगायत आफूमा निहित सबै अधिकार उपभोग गर्न पाउने कुरा सुनिश्चित गर्न विशेष ध्यान दिइनु पर्दछ अनुच्छेद १८ मा जस्तै।

३८. राज्यले नियमित र दिनभरको अध्ययन र विश्राम हेरचाह लगायत दिवा सेवाका लागि अवसरहरू सुनिश्चित गर्नु पर्दछ। यस्ता अवसरले विशेष आवश्यकता भएका बालबालिकाप्रति निर्वाह गर्नुपर्ने अतिरिक्त दायित्व लगायत परिवारप्रतिको समग्र दायित्व निर्वाह गर्न आमाबाबुलाई सक्षम तुल्याउने छन्।

पारिवारिक विछोडलाई रोकथाम गर्ने

३९. असल व्यावसायिक सिद्धान्तहरूमा आधारित उचित आधार तयार गरिनु पर्दछ र बालबालिकाको सम्पन्नता जोखिममा रहेको विश्वास गर्न अधिकार प्राप्त निकायसँग सकारात्मक आधार भएको स्थितिमा बालबालिकाको हेरचाहका लागि परिवारको वास्तविक तथा सम्भाव्य क्षमता लगायत बालबालिका तथा परिवारको स्थिति लेखाजोखा गर्न एकनासले लागू गरिनु पर्दछ।

४०. हटाउने वा पुनःएकीकरण गर्ने सम्बन्धी निर्णयहरू यसै लेखाजोखामा आधारित हुनु पर्दछ र बालबालिकाको भविष्यका लागि योजना बनाउने कुरा ध्यानमा राख्दै सम्बन्धित सबै सँगको परामर्शमा अधिकार प्राप्त निकायको तर्फबाट वा उसबाट अधिकार प्राप्त योग्य तथा प्रशिक्षित व्यवसायीहरूले निर्णय गर्नु पर्दछ।

४१. गर्भाधानको पर्याप्त विकास र बाल हेरचाहका लागि सम्मानजनक सर्त तथा समानता सुनिश्चित गर्न पूर्ण संरक्षण र गर्भावस्था, शिशु जन्म र स्तनपान अवधिमा अधिकार प्रत्याभूतिका लागि उपायहरू अवलम्बन गर्न राज्यलाई प्रोत्साहित गरिन्छ। तसर्थ आफ्ना दायित्व निर्वाह गर्न अप्ठ्यारो हुने विशेषतः युवा आमाबाबु लगायत भावी आमा र बाबुलाई सहयोग कार्यक्रमहरू प्रदान गरिनु पर्दछ। यस्ता कार्यक्रम आफ्ना दायित्व पूरा गर्न आमा र बाबुलाई सशक्तीकरण गर्ने दिशामा लक्षित हुनु पर्दछ।

४२. बालक वा बालिकालाई परित्याग गर्दा निजको आफ्नै पहिचानमा हुने सूचनामा पहुँचको अधिकारलाई सम्मान गर्दै राज्यले यस्तो परित्याग गोप्य र सुरक्षित हुने सुनिश्चित गर्नु पर्दछ।

४३. बालक वा बालिका परित्याग गरेको तर कसले परित्याग गरेको हो भन्ने खुल्न नआएको स्थितिलाई सम्बोधन गर्न राज्यले स्पष्ट नीति तर्जुमा गर्नु पर्दछ। सो नीतिले बालक वा बालिका परित्याग गर्ने परिवारको खोजी गर्ने-नगर्ने वा गर्नुपरे कसरी गर्ने र परिवारमा

पुनःएकीकरण वा स्थापन कसरी गर्ने भन्ने तर्फ इङ्गित गर्नेछ। नीतिले स्थायी पारिवारिक संस्थापनका लागि बालक वा बालिकाको योग्यताबारे समयमै निर्णय गर्न र यस्तो स्थापनलाई शीघ्रतासाथ बन्दोबस्त गर्न पनि सहज तुल्याउनु पर्दछ।

४४. स्थायी रूपमा बालक वा बालिकालाई परित्याग गर्न इच्छुक आमा वा बाबु वा हेरचाहकर्ताले सार्वजनिक वा निजी निकाय वा संस्थानसँग सम्पर्क गर्दा बालक वा बालिकाको हेरचाहलाई निरन्तरता दिनका लागि प्रोत्साहित र सक्षम तुल्याउन परिवारले परामर्श तथा सामाजिक सहयोग प्राप्त गर्नेछ भन्ने राज्यले सुनिश्चित गर्नु पर्दछ। यो असफल भएमा बालक वा बालिकाका लागि स्थायी रूपमा दायित्व निर्वाह गर्न परिवारका अन्य सदस्यहरू भए-नभएको र यस्तो बन्दोबस्त बालक वा बालिकाको सर्वोत्तम हितमा भए-नभएको निर्धारण गर्न कुनै सामाजिक कार्य वा अन्य उपयुक्त व्यावसायिक लेखाजोखा गरिनु पर्दछ। यो बन्दोबस्त सम्भव नभएको ठाउँमा वा बालक वा बालिकाको हितमा नभएको स्थितिमा उचित समयभित्रै स्थायी पारिवारिक स्थापन खोज्न प्रयास गरिनु पर्दछ।

४५. छोटो वा अनिश्चित अवधिका लागि बालक वा बालिकालाई हेरचाहमा राख्न इच्छुक आमा वा बाबु वा हेरचाहकर्ताले सार्वजनिक वा निजी निकाय वा संस्थानसँग सम्पर्क गर्दा बालक वा बालिकाको हेरचाहलाई निरन्तरता दिनका लागि प्रोत्साहित र सक्षम तुल्याउन परामर्श र सामाजिक सेवाको उपलब्धता राज्यले सुनिश्चित गर्नु पर्दछ। बालक वा बालिका वैकल्पिक हेरचाहमा तब मात्र भर्ना गरिनु पर्दछ जब यस्ता प्रयास पूरा एवम् स्वीकार्य हुन्छन् र हेरचाहमा प्रवेशका लागि मनासिब कारणहरू प्रस्तुत गरिन्छन्।

४६. दुर्व्यवहारको स्थिति, उपेक्षा, शोषण वा परित्यक्तताको जोखिम पहिल्याउन र यस्तो स्थितिबारे अधिकारप्राप्त निकायहरूलाई सूचित गर्नका निम्ति सहयोग गर्न बालबालिकासँग कार्यरत शिक्षक तथा अन्यहरूलाई विशेष तालिम दिइनु पर्दछ।

४७. बालक वा बालिका वा निजका आमाबाबुको इच्छा विपरीत बालक वा बालिकालाई हटाउन गरिने कुनै पनि निर्णय आमाबाबुलाई पुनरावेदनको अधिकार र कानुनी प्रतिनिधित्वमाा पहुँच सुनिश्चित गर्दै प्रचलित कानुन तथा कार्य विधि बमोजिम अधिकार प्राप्त निकायहरूले गर्ने छन्।

४८. निवारक नजरबन्द वा दण्ड दिइने निर्णयको फलस्वरूप बालक वा बालिकाको एकमात्र वा प्रमुख हेरचाहकर्ता स्वतन्त्रता वञ्चितीकरणको विषय भएमा बालक वा बालिकाको सर्वोत्तम हितलाई यथोचित ध्यान दिँदै सम्भव भएको ठाउँमा उपयुक्त स्थितिमा गैर हिरासतीय उपाय र दण्ड प्रयोग गरिनु पर्दछ। कारागारमा जन्मिएका र कारागारमा आमा

वा बाबुसँग बसिरहेका बालक वा बालिकालाई हटाउने-नहटाउने निर्णय गर्दा राज्यले बालक वा बालिकाको सर्वोत्तम हितलाई मनन गर्नु पर्दछ । यस्ता बालबालिकाको हटाइलाई बिछोडका दृष्टान्तहरू सरह नै लिइनु पर्दछ । हिरासतमा रहेका आफ्ना आमा वा बाबुसँगै बसिरहेका बालबालिकालाई स्वतन्त्र व्यक्तिको हैसियत र समुदायका क्रियाकलापहरूमा पहुँच प्रत्याभूति गर्दै पर्याप्त हेरचाह र संरक्षण सुनिश्चित गर्न सर्वोत्तम प्रयासहरू गरिनु पर्दछ ।

**ख. पारिवारिक पुनःएकीकरणको प्रवर्द्धन**

४९. परिवारमा बालक वा बालिकाको सम्भाव्य पुनरागमनका लागि निज र निजको परिवारलाई तयार र सहयोग गर्न बहुविषयी सल्लाहमा पहुँच सहितका व्यक्ति वा टोलीले बालक वा बालिकाको स्थितिको लेखाजोखा गर्नु पर्दछ । यसरी लेखाजोखा गर्ने क्रममा परिवारमा बालक वा बालिकाको पुनःएकीकरण सम्भव भए-नभएको र निजको सर्वोत्तम हितमा भए-नभएको र कस्ता चरणहरू कसको सुपरिवेक्षणमा संलग्न गराउने भन्ने बारे निर्णय गर्न विभिन्न पात्रहरू (बालबालिका, परिवार, वैकल्पिक हेरचाहकर्ता) सँग परामर्श गरिनु पर्दछ ।

५०. यस सम्बन्धमा पुनःएकीकरणको लक्ष्य र परिवार तथा हेरचाहदाताको प्रमुख कार्यभार लिखित रूपमा प्रस्तुत गरिनु पर्दछ र यसमा सम्बन्धित सबैको सहमति हुनु पर्दछ ।

५१. अधिकार प्राप्त निकायले विशेष गरी पुनःएकीकरणकाको प्रयोजनका लागि बालक वा बालिका र निजको परिवारबीच निरन्तर तथा उपयुक्त सम्पर्क विकास, सहयोग र अनुगमन गरिनु पर्दछ ।

५२. निर्णय भइसकेपछि परिवारमा बालक वा बालिकाको पुनःएकीकरणलाई अनुगमन र बालक वा बालिकाको उमेर, आवश्यकता र विकसित हुँदै गएको क्षमता र बिछोडका कारणलाई मनन गर्ने सहयोग उपायहरू सहित क्रमिक तथा सुपरिवेक्षित प्रक्रियाको रूपमा डिजाइन गरिनु पर्दछ ।

**५. हेरचाह प्रावधानको ढाँचा**

५३. आमाबाबुको हेरचाह विनाका प्रत्येक बालक वा बालिकाको मनोसंवेगात्मक, सामाजिक र अन्य आवश्यकता परिपूर्ति गर्नका निम्ति परिवार तथा समुदायमा आधारित समाधानलाई प्राथमिकता दिई वैकल्पिक हेरचाहका पर्याप्त विकल्प प्रदान गर्न कानुनी, नीतिगत र आर्थिक अवस्था विद्यमान भए-नभएको सुनिश्चित गर्न राज्यले सबै आवश्यक उपायहरू गर्नु पर्दछ ।

५४. राज्यले आकस्मिक, अल्पकालीन र दीर्घकालीन हेरचाहका लागि यस निर्देशिकाका सामान्य सिद्धान्तसँग नबाझिने वैकल्पिक हेरचाहका विभिन्न विकल्पहरूको उपलब्धता सुनिश्चित गर्नु पर्दछ।

५५. राज्यले बालबालिकाको वैकल्पिक हेरचाह प्रावधानमा संलग्न सबै निकाय तथा व्यक्तिहरूले अधिकारप्राप्त निकायबाट नै हेरचाह गर्ने अधिकार पाएका छन् भन्ने सुनिश्चित गर्नु पर्दछ। हेरचाहलाई सो अधिकारप्राप्त निकायले नियमित रूपमा अनुगमन तथा समीक्षा गर्नु पर्दछ। यसै सन्दर्भमा अधिकारप्राप्त निकायले हेरचाह प्रदायकहरूको व्यावसायिक तथा परामर्शकर्ता, अनुगमन तथा सुपरिवेक्षणको लेखाजोखा गर्न उपयुक्त आधारहरू तयार गर्नु पर्दछ।

५६. विस्तारित परिवारभित्रै वा साथी वा अन्य पक्षसँग बालक वा बालिकाको अनौपचारिक हेरचाह सम्बन्धी बन्दोबस्तको सम्बन्धमा उपयुक्त लागेको स्थितिमा राज्यले अधिकार प्राप्त निकायलाई सूचित गराउन यस्ता हेरचाहकर्ताहरूलाई प्रोत्साहित गर्नु पर्दछ ताकि हेरचाहकर्ताहरू तथा बालबालिकाले बालहित र संरक्षणलाई प्रवर्द्धन गर्ने खालका आवश्यक आर्थिक र अन्य सहयोग प्राप्त गर्न सकून्। सम्भव तथा उपयुक्त भएको ठाउँमा राज्यले बालक वा बालिका र सम्बन्धित आमाबाबुको सहमतिमा हेरचाह सम्बन्धी बन्दोबस्तलाई केही समयपश्चात् सो बन्दोबस्त बालबालिकाको सर्वोत्तम हितका लागि प्रमाणित भएको हदसम्म र भविष्यमा पनि सोही हदको अपेक्षा गर्दै औपचारिक गराउन हेरचाहकर्ताहरूलाई प्रोत्साहित र सक्षम तुल्याउनु पर्दछ।

### ६. हेरचाहको अति उत्तम स्वरूपको निर्धारण

५७. बालबालिकाको सर्वोत्तम हितमा गरिने वैकल्पिक हेरचाह सम्बन्धी निर्णय उपयुक्त लागेको ठाउँमा कुनै पनि कानुनी कारवाहीमा बालबालिकाको तर्फबाट कानुनी प्रतिनिधित्व लगायत कानुनी सुरक्षासहित न्यायिक, प्रशासनिक वा अन्य पर्याप्त तथा मान्यता प्राप्त कार्यविधि मार्फत् गरिनु पर्दछ। यस्तो निर्णय स्थापित संरचना तथा संयन्त्र मार्फत् गरिने लेखाजोखा, योजना तर्जुमा र समीक्षामा आधारित हुनु पर्दछ र सम्भव भएको ठाउँमा बहुविषयी टोलीका योग्य व्यवसायीहरूले कैरनअनुसार (केस-बाई-केस-बेसिस) गर्नु पर्दछ। यस्तो निर्णयमा सबै चरणहरूमा बालक वा बालिका (निजको विकसित हुँदै गएको क्षमताअनुसार) र निजका आमाबाबु वा कानुनी अभिभावकको पूर्ण परामर्श समेटिएको हुनु पर्दछ। यी प्रावधानहरूको पालनालाई सहजीकरण गर्न हेरचाहको सबैभन्दा उपयुक्त स्वरूप निर्धारणका लागि उत्तरदायी व्यवसायीहरूको तालिम र मान्यताका निम्ति पर्याप्त स्रोत तथा तालिम प्रदान गर्न राज्यले हरेक प्रयास गर्नु पर्दछ।

लेखाजोखा पूर्णतासहित शीघ्रतापूर्वक र सावधानीपूर्वक सञ्चालन गरिनु पर्दछ । लेखाजोखाले बालबालिकाको तात्कालिक सुरक्षा तथा सम्पन्नता र निजको दीर्घकालीन हेरचाह तथा विकासबारे मनन गर्नु पर्दछ र बालबालिकाको व्यक्तिगत र विकासजन्य विशेषता, जातीय, सांस्कृतिक, भाषिक तथा धार्मिक पृष्ठभूमि, पारिवारिक तथा सामाजिक वातावरण, औषधीय इतिहास (मेडिकल हिस्ट्री) र विशेष आवश्यकतालाई समेट्नु पर्दछ ।

५८. अनुचित बाधा अवरोध र विरोधाभाषपूर्ण निर्णयहरूलाई पन्छाउन अधिकार प्राप्त निकायले स्वीकार गरेको मितिदेखि निर्णयहरूको योजना बनाउन उपयुक्त लेखाजोखाका प्रारम्भिक र समीक्षा प्रतिवेदनहरू आवश्यक विधिहरूको रूपमा प्रयोग गरिनु पर्दछ ।

५९. हेरचाह सम्बन्धी बन्दोबस्तमा बराबर हुने परिवर्तनहरू बालबालिकाको विकास र लगाव सिर्जना गर्ने क्षमताको प्रतिकूल हुन्छन् । तसर्थ यस्ता परिवर्तन हुन नदिनु बेस हुन्छ । अल्पकालीन स्थापन व्यवस्था गरिनुपर्ने उपयुक्त स्थायी समाधानलाई सबल तुल्याउने प्रति लक्षित हुनु पर्दछ । अविलम्ब पुनःएकीकरण मार्फत् सानो वा विस्तारित परिवारमा बालबालिकाका लागि स्थायित्व सुरक्षित गरिनु पर्दछ । यसो गर्न सम्भव नभए वैकल्पिक स्थायी पारिवारिक वातावरणमा वा माथिको अनुच्छेद २० लागू हुने ठाउँमा स्थायी र उपयुक्त आवासीय हेरचाहमा स्थायित्व सुरक्षित गरिनु पर्दछ ।

६०. हरेक विकल्पको फाइदा तथा बेफाइदाबारे मनन गर्दै हेरचाह सम्बन्धी प्रावधान तथा स्थायित्वका लागि योजना सकेसम्म चाँडै अर्थात् बालबालिका हेरचाहमा प्रवेश गर्नुअघि नै बनाइनु पर्दछ ।

६१. परिवारसँगको बिछोड पन्छाउन हेरचाह सम्बन्धी प्रावधान तथा स्थायित्व मुख्यतः बालबालिकाको आफ्नो परिवारप्रतिको लगावको प्रकृति तथा गुणस्तर, बालबालिकाको सम्पन्नता र विकासको रक्षा गर्ने परिवारको क्षमता, परिवारको अंश हुँ भन्ने अनुभूति गर्न बालबालिकाको आवश्यकता वा इच्छा, आफ्नो समुदाय र मुलुकभित्रै रहने बालबालिकाको चाहना, बालबालिकाको सांस्कृतिक, भाषिक तथा धार्मिक पृष्ठभूमि र दाजुभाइ तथा दिदीबहिनीसंगको सम्बन्धमा आधारित हुनु पर्दछ ।

६२. अन्य कुराका अतिरिक्त स्थापनको लक्ष्य र सो हांसिल गर्ने उपायबारे योजनामा स्पष्टसँग लेखिनु पर्दछ ।

६३. बालक वा बालिका र निजका आमाबाबु वा कानुनी अभिभावक वैकल्पिक हेरचाहका विकल्पहरू, हरेक विकल्पको प्रयोग र यस विषयमा निजको अधिकार र दायित्वबारे पूर्ण रूपमा सूचित हुनु पर्दछ ।

६४. बालक वा बालिकाको खास आवश्यकता, दृढ विश्वास र विशेष इच्छाको सम्बन्धमा कुनै पनि उपायको तयारी, प्रयोग र मूल्यांकनमा निजका आमाबाबु वा कानुनी अभिभावक र सम्भाव्य संरक्षक स्याहारकर्ताको यथासम्भव अधिकतम सहभागिता हुनु पर्दछ । अधिकारप्राप्त निकायको विवेकमा बालक वा बालिका, आमाबाबु वा कानुनी अभिभावकको अनुरोधमा कुनै पनि निर्णय प्रक्रियामा बालक वा बालिकाका जीवनका अन्य महत्वपूर्ण व्यक्तिहरूसँग पनि परामर्श गर्न सकिन्छ ।

६५. अदालत, न्यायाधिकरण वा प्रशासनिक वा अन्य अधिकारप्राप्त निकायद्वारा वैकल्पिक हेरचाहमा राखिएका कुनै पनि बालक वा बालिका, निजका आमाबाबु वा आमाबाबुको दायित्व निर्वाह गर्ने अन्य व्यक्तिलाई अदालत अगाडि स्थापन सम्बन्धी निर्णयमा प्रतिनिधित्व गर्न अवसर दिइने र यस्तो प्रतिनिधित्व गर्ने अधिकारबारे जानकारी दिइने तथा प्रतिनिधित्वका लागि सहयोग गरिने कुरा राज्यले सुनिश्चित गर्नु पर्दछ ।

६६. बालक वा बालिकाको व्यक्तिगत विकास र बदलिँदो आवश्यकता, पारिवारिक वातावरणमा परिवर्तन र चालू स्थापनको पर्याप्तता र आवश्यकतालाई मनन गर्दै कम्तीमा तीन-तीन महिनामा हेरचाह र व्यवहारको उपयुक्तताको समीक्षा गर्ने बालअधिकार राज्यले सुनिश्चित गर्नु पर्दछ । समीक्षा बालक वा बालिका र निजको जीवनका सान्दर्भिक व्यक्तिहरूको पूर्ण संलग्नतामा योग्य र अधिकारप्राप्त व्यक्तिहरूले गर्नु पर्दछ ।

६७. योजना तथा समीक्षाको परिणाम स्वरूप हेरचाह वातावरणमा आउने सबै परिवर्तनहरूका लागि बालक वा बालिकालाई तयार गर्नु पर्दछ ।

**७. वैकल्पिक स्याहार सम्बन्धी**

**क. नीतिहरू**

६८. आमाबाबुको हेरचाहविनाका सबै बालबालिकाका लागि औपचारिक तथा अनौपचारिक हेरचाहको सम्बन्धमा समन्वयात्मक नीतिहरूको तयारी र कार्यान्वयन सुनिश्चित गर्नु राज्य र उपयुक्त तहको सरकारी निकायको दायित्व हो । यस्ता नीतिहरू ठीलो सूचना तथा तथ्यांकीय जानकारीमा आधारित हुनु पर्दछ । बालक वा बालिकाको संरक्षण, हेरचाह र विकासमा निजका आमाबाबु वा प्रमुख हेरचाहकर्ताको भूमिकालाई मनन गर्दै निजप्रति कसको दायित्व हुन्छ भन्ने कुरा निर्धारण गर्नका लागि यस्ता नीतिहरूले प्रक्रिया परिभाषित गर्नु पर्दछ । अन्यथा नदेखिएमा सम्भावित दायित्व बालक वा बालिकाका आमाबाबु वा प्रमुख हेरचाहकर्तामा हुनेछ ।

६९. बालबालिकाका लागि प्रभावकारी हेरचाह र संरक्षण सुनिश्चित गर्न आमाबाबुका हेरचाहविनाका बालबालिकालाई 'रेफरल' र सहयोग गर्ने कार्यमा संलग्न राज्यका सबै निकायहरूले नागरिक समाजको सहयोगमा निकायहरू र व्यक्तिहरूबीच सूचना आदानप्रदान र सञ्जालीकरणलाई अनुकूल हुने नीति तथा कार्यविधि अवलम्बन गर्नु पर्दछ । सेवाको आवश्यकता पर्नेहरूको पहुँचलाई अधिकतम तुल्याउन वैकल्पिक हेरचाहका लागि उत्तरदायी निकायको अवस्थिति र/वा डिजाइन स्थापित गरिनु पर्दछ ।

७०. विशेष गरी हेरचाहकर्ताहरूको व्यावसायिक सीप, छनोट, तालिम तथा सुपरिवेक्षण सम्बन्धमा आवासीय तथा परिवारमा आधारित दुवै हेरचाहमा वैकल्पिक हेरचाह प्रावधानको गुणस्तरमा विशेष ध्यान दिइनु पर्दछ । यी हेरचाहकर्ताहरूको भूमिका र कार्य बालबालिकाका आमाबाबु वा कानुनी अभिभावकका भूमिका र कार्यको सन्दर्भमा परिभाषित हुनु पर्दछ र स्पष्ट पारिनु पर्दछ ।

७१. प्रत्येक मुलुकका अधिकारप्राप्त निकायहरूले यस निर्देशिकाको अनुकूल हुने गरी वैकल्पिक हेरचाहमा रहेका बालबालिकाका अधिकार उल्लेख गरी दस्तावेज तयार गर्नु पर्दछ । वैकल्पिक हेरचाहमा रहेका बालबालिकालाई हेरचाह गर्ने संस्थाका नियम, नियमावली, उद्देश्य र आफ्ना अधिकार र दायित्व पूर्ण रूपमा बुझ्न सक्षम तुल्याइनु पर्दछ ।

७२. वैकल्पिक हेरचाहका सबै प्रावधानहरू सेवा प्रदायकको लक्ष्य तथा उद्देश्य र बालअधिकार महासन्धि[२], प्रस्तुत निर्देशिका र प्रचलित कानुनद्वारा निर्धारित मापदण्डलाई प्रतिबिम्बित गर्ने बालबालिकाप्रतिको उत्तरदायित्वको प्रकृतिको लिखित वक्तव्यमा आधारित हुनु पर्दछ । वैकल्पिक सेवा प्रदान गर्न सबै सेवा प्रदायकहरू कानुनी आवश्यकता बमोजिम योग्य वा स्वीकृति प्राप्त हुनु पर्दछ ।

७३. बालक वा बालिकालाई वैकल्पिक हेरचाहमा प्रेषण वा भर्ना गर्नका लागि मानक प्रक्रिया सुनिश्चित गर्ने नियामक (रेगुलेटरी) खाका स्थापित गरिनु पर्दछ ।

७४. वैकल्पिक हेरचाहसँग सम्बद्ध लैङ्गिक दृष्टिकोण लगायतका सांस्कृतिक एवम् धार्मिक प्रचलनहरू बालबालिकाका अधिकार तथा सर्वोत्तम हितसँग नबाझिने हदसम्म सम्मान र प्रवर्द्धन गरिनु पर्दछ । यस्ता प्रचलनहरूलाई प्रवर्द्धन गर्ने-नगर्ने भन्ने कुरा मनन गर्ने प्रक्रिया सहभागीमूलक ढङ्गले सञ्चालन गरिनु पर्दछ । यस प्रक्रियामा सम्बन्धित सांस्कृतिक तथा धार्मिक नेता, व्यवसायी र आमाबाबुका हेरचाहविनाका बालबालिकालाई हेरचाह गर्ने व्यक्ति, आमाबाबु अन्य सान्दर्भिक सरोकारवाला र बालबालिका स्वयम् सहभागी हुनु पर्दछ ।

१. अनौपचारिक हेरचाह

७५. व्यक्ति वा परिवारद्वारा प्रदान गरिने अनौपचारिक हेरचाहका उपयुक्त सर्तहरू पूरा गरिए-नगरिएको सुनिश्चित गर्न राज्यले यस्तो हेरचाहले निर्वाह गर्ने भूमिका पहिचान गर्नु पर्दछ र लेखाजोखाको आधारमा यसको उपयुक्त प्रावधानलाई सहयोग गर्न पर्याप्त उपायहरू अपनाउनु पर्दछ।

७६. राज्यले अनौपचारिक हेरचाहकर्ताहरूलाई आफ्ना हेरचाह योजनाबारे सूचित गर्न प्रोत्साहित गर्नु पर्दछ र बालबालिकाको हेरचाह र संरक्षण गर्ने क्रममा कर्तव्य निर्वाह गर्नका निम्ति सहयोग गर्ने खालका सबै उपलब्ध सेवाहरूमा उनीहरूको पहुँच सुनिश्चित गर्न चेष्टा गर्नु पर्दछ।

७७. बालबालिकाप्रतिको अनौपचारिक हेरचाहकर्ताहरूको 'डि फ्याक्टो' दायित्वलाई राज्यले मान्यता दिनु पर्दछ।

७८. गैर आफन्त, बालबालिकाले पहिले नचिनेका वा आफू बस्दै आएका ठाउँभन्दा परका आफन्तद्वारा प्रदान गरिने अनौपचारिक हेरचाहमा विशेष ध्यान दिँदै अनौपचारिक हेरचाहमा रहेका बालबालिकालाई दुर्व्यवहार, उपेक्षा, बालश्रम र शोषणका अन्य रूपबाट रक्षा गर्न राज्यले विशेष एवम् उपयुक्त उपायहरू तर्जुमा गर्नु पर्दछ।

## २. सबै किसिमका औपचारिक वैकल्पिक स्याहार सम्बन्धी बन्दोबस्तमा लागू हुने सामान्य अवस्थाहरू

७९. खासगरी विशेष किसिमले प्रशिक्षित र सिद्धान्ततः गैरबर्दीधारी (ननयुनिफर्म्ड) व्यक्तिहरूलाई संलग्न गराउँदै अत्यधिक संवेदनशीलता तथा बालमैत्री तरिकाका साथ वैकल्पिक हेरचाहमा बालक वा बालिकाको स्थानान्तरण गरिनु पर्दछ ।

८०. बालक वा बालिकालाई वैकल्पिक हेरचाहमा राखिँदा निजको संरक्षण र सर्वोत्तम हितलाई मनन गर्दै निजका परिवार, निजसँग निकट अन्य व्यक्ति, छिमेकी र पूर्व हेरचाहकर्ताहरूसँगको सम्पर्कलाई प्रोत्साहित गर्नु पर्दछ । सम्पर्क नभएको अवस्थामा आफ्ना पारिवारिक सदस्यहरूको स्थिति सम्बन्धी सूचनामा बालक वा बालिकाको पहुँच हुनु पर्दछ ।

८१. आमाबाबु कारागारमा वा उपचारका लागि लामो समय अस्पतालमा बिताउनु परेका कारण बालबालिकाले आफ्ना आमाबाबुसँग सम्पर्क गर्न र यस सम्बन्धमा आवश्यक परामर्श र सहयोग प्राप्त गर्न अवसर पाउनुपर्ने कुरा सुनिश्चित गर्न राज्यले विशेष ध्यान दिनु पर्दछ ।

८२. हेरचाहकर्ताले आफ्ना स्थानीय खाद्य प्रचलन (डायटरी ह्याबिट), सान्दर्भिक खाद्य मापदण्ड एवम् धार्मिक आस्था बमोजिम बालबालिकाले पर्याप्त मात्रामा स्वस्थकर र पोषक खाना खान पाउँछन् भन्ने कुरा सुनिश्चित गनु पर्दछ । आवश्यक परेमा उपयुक्त पूरक पोषक खाना पनि बालबालिकालाई दिइनु पर्दछ ।

८३. हेरचाहकर्ताहरूले आफूले उत्तरदायित्व वहन गर्नुपर्ने बालबालिकाको स्वास्थ्य प्रवर्द्धन गर्नु पर्दछ र औषधोपचार, परामर्श र सहयोग आवश्यकताअनुसार उपलब्ध गराउने कुरा सुनिश्चित गर्न बन्दोबस्त मिलाउनु पर्दछ ।

८४. बालअधिकार बमोजिम बालबालिकाको समुदायस्थित शैक्षिक प्रतिष्ठानहरूको औपचारिक, अनौपचारिक र व्यावसायिक शिक्षामा यथासम्भव बढी पहुँच हुनु पर्दछ ।

८५. अपाङ्गता भएका, एच.आई.भी./एड्ससहित बाँचिरहेका वा प्रभावित वा अन्य आवश्यकता भएका बालबालिका लगायत प्रत्येक बालक वा बालिकाको खेल तथा फुर्सदका बेला गरिने क्रियाकलापहरू मार्फत् निजको विकास गर्न पाउने अधिकारको सम्मान होस् र यस्ता क्रियाकलापका लागि अवसरहरूको सिर्जना हेरचाह निकायभित्र

वा बाहिर होस् भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ। स्थानीय समुदायमा बालबालिकासँगको सम्पर्कलाई प्रोत्साहित एवम् सहजीकरण गरिनु पर्दछ।

८६. विशेष आवश्यकता भएका लगायत शिशु र कलिला बालबालिकाको निर्दिष्ट सुरक्षा, स्वास्थ्य, पोषण, विकास सम्बन्धी र अन्य आवश्यकता सबै हेरचाह निकायहरूमा पूरा गरिनु पर्दछ। यसका अतिरिक्त बालबालिकाको कुनै खास हेरचाहकर्तासँग भएको लगावलाई निरन्तरता दिने कुरा सुनिश्चित गरिनु पर्दछ।

८७. आफूले मान्दै आएको धर्मसँग सम्बन्धित प्रतिनिधिको आगमनलाई स्वागत गर्ने लगायत आफ्ना धार्मिक तथा आध्यात्मिक जीवनका आवश्यकतालाई पूरा गर्न र धार्मिक सेवा, धार्मिक शिक्षा वा परामर्शमा सहभागी हुने-नहुने निर्णय स्वतन्त्रतापूर्वक गर्न बालबालिकालाई अनुमति दिइनु पर्दछ। बालक वा बालिकाको धार्मिक पृष्ठभूमिको सम्मान गरिनु पर्दछ र हेरचाह स्थापनमा रहेका बेला कुनै पनि बालक वा बालिकालाई निजको धर्म वा आस्था परिवर्तन गर्न प्रोत्साहित गरिनु वा फकाइनु हुन्न।

८८. लैङ्गिक भिन्नता र अन्तरक्रियालाई सम्मान गर्दै आरोग्य तथा सरसफाईका आवश्यकताका उपयुक्त सुविधा, व्यक्तिगत सरसामानका लागि पर्याप्त र सुरक्षित भण्डारण कक्ष लगायत बालबालिकाप्रति उत्तरदायी सबै वयस्कहरूले गोपनीयताको हकलाई सम्मान तथा प्रवर्द्धन गर्नु पर्दछ।

८९. बालिबालिकासँग सकारात्मक, सुरक्षित र भरणपोषणजन्य सम्बन्धको विकासमा आफ्नो भूमिकाको महत्व हेरचाहकर्ताहरूले बुझ्नु पर्दछ र बुझ्न सक्षम हुनु पर्दछ।

९०. सबै प्रकारका वैकल्पिक हेरचाह वातावरणमा गरिएको बसोबास बन्दोबस्तले स्वास्थ्य एवम् सुरक्षाका आवश्यकता पूरा गरेको हुनु पर्दछ।

९१. वैकल्पिक हेरचाहमा रहेका बालबालिकाका लागि गरिएको बसोबास बन्दोबस्त र सुपरिवेक्षणले दुर्व्यवहारबाट सुरक्षित हुन निजहरूलाई सक्षम तुल्याउने कुरा आफ्ना अधिकारप्राप्त निकायहरू मार्फत् राज्यले सुनिश्चित गर्नु पर्दछ। बालक वा बालिकाको बसोबास सम्बन्धी व्यवस्था निर्धारण गर्दा निजको उमेर, परिपक्वता र सङ्कटाभिमुखताको हदमा खास ध्यान दिइनु पर्दछ। हेरचाहमा रहेका बालबालिकाप्रति लक्षित उपायहरू कानुनसम्मत हुनु पर्दछ र यस्ता उपायले समुदायकां उस्तै उमेरका बालबालिकाको तुलनामा निजको स्वतन्त्रता र आचरणमा नाजायज अड्चन खडा गर्नु हुन्न।

९२. सबै प्रकारका वैकल्पिक हेरचाह वातावरणले बालबालिकालाई अपहरण, ओसारपसार, बेचबिखन र शोषणका अन्य सबै रूपबाट पर्याप्त संरक्षण प्रदान गर्नु पर्दछ।

९३. स्वीकार्य जोखिम र बालबालिकाको उमेर र निजहरूको विकसित हुँदै गएको क्षमतालाई मध्यनजर गर्दै सूचित रोजाइहरूको विकास एवम् अभ्यास गर्न सबै हेरचाहकर्ताहरूले बालबालिका तथा कलिला नानीलाई प्रवर्द्धन र प्रोत्साहित गर्नु पर्दछ ।

वैकल्पिक हेरचाहमा स्थापन गर्दाको बेला वा स्थापन गरिसकेपछि बालबालिकाले लाञ्छना भोग्नु नपर्ने कुरा सुनिश्चित गर्न राज्य, निकाय, संस्थान, विद्यालय र अन्य सामुदायिक सेवाले उपयुक्त उपायहरू अवलम्बन गर्नु पर्दछ । यस्ता उपायमा बालक वा बालिका वैकल्पिक हेरचाहमा छन् भन्ने तथ्यलाई न्यूनीकरण गर्ने प्रयास गरिएको हुनु पर्दछ ।

९४. बन्द वा एकान्त थुना वा शारीरिक वा मनोवैज्ञानिक हिंसाका अन्य रूप लगायतका यातना, क्रूर, अमानवीय वा घटिया व्यवहार भएका सबै अनुशासनात्मक उपाय र व्यवहार व्यवस्थापन, जसले बालबालिकाको शारीरिक वा मानसिक स्वास्थ्यलाई हानी पुऱ्याउन सक्छन्, त्यसलाई अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुरूप कडाइका साथ वर्जित गरिनु पर्दछ । यस्ता अभ्यास रोकथाम गर्न राज्यले आवश्यक उपायहरू अपनाउनु पर्दछ र यी अभ्यास कानुनको नजरमा दण्डनीय छन् भन्ने सुनिश्चित गर्नु पर्दछ । बालबालिकाका पारिवारिक सदस्यहरू र निजहरूको नजरमा विशेष महत्वका अन्य व्यक्तिहरूसँगको सम्पर्कमा लगाइने बन्देजलाई कहिल्यै पनि मान्यताको रूपमा प्रयोग गरिनु हुन्न ।

९५. बालबालिकाको मौलिक अधिकारप्रतिको सम्मान सहित कानुन अनुरूप र उचित तथा समानुपातिक ढङ्गले बालबालिका वा अन्यको शारीरिक तथा मनोवैज्ञानिक अखण्डताको सुरक्षाका लागि अति नै आवश्यक भएको अवस्थामा बाहेक कुनै पनि प्रकृतिको बल वा नियन्त्रणको प्रयोगका लागि अधिकार दिइनु हुन्न । औषधीको प्रयोगबाट गरिने नियन्त्रण उपचार (थेराप्युटिक) आवश्यकतामा आधारित हुनु पर्दछ र विशेषज्ञको मूल्याङ्कन तथा सिफारिस विना कहिल्यै पनि प्रयोग गरिनु हुन्न ।

९६. हेरचाहमा रहेका बालबालिकालाई आफ्ना गोप्य कुरा बताउन विश्वासिलो व्यक्तिलाई भेट्ने अवसर दिइनु पर्दछ । यी व्यक्तिलाई सम्बन्धित बालक वा बालिकाको सहमतिमा अधिकार प्राप्त निकायले नियुक्त गर्छ । बालक वा बालिकालाई निश्चित परिस्थिति अन्तर्गत गोपनीयता भङ्ग गर्न कानुनी वा आचारगत मापदण्ड आवश्यक पर्दछ भन्ने बारे जानकारी गराइनु पर्दछ ।

९७. हेरचाहमा रहेका बालबालिकाको यस्तो ज्ञात, प्रभावकारी र तटस्थ संयन्त्रमा पहुँच हुनु पर्दछ , जसलाई उनीहरूले आफूहरूसँग गरिने व्यवहार र स्थापनको अवस्था

सम्बन्धी गुनासो वा सरोकारका विषयबारे जानकारी दिन सक्छन् । यस्तो संयन्त्रमा प्रारम्भिक परामर्श, पृष्ठपोषण, कार्यान्वयन र थप परामर्श हुनु पर्दछ । अघिल्लो पल्टको हेरचाहको अनुभव सँगालेका कलिला नानीहरूलाई यस प्रक्रियामा संलग्न गराउनु पर्दछ र उनीहरूको विचारलाई यथोचित महत्व दिइनु पर्दछ । यो प्रक्रियालाई बालबालिका एवम् कलिला नानीहरूसँग काम गर्ने उद्देश्यका लागि प्रशिक्षित गरिएका दक्ष व्यक्तिले सञ्चालन गर्नु पर्दछ ।

९८. बालक वा बालिकाको आत्मपहिचानको सुझबुझलाई प्रवर्द्धन गर्न निजको जीवनको हरेक चरणसँग सम्बन्धित उपयुक्त सूचना, तस्बिर, व्यक्तिगत वस्तु र सम्झौटो (मेमेन्टो) समेटिएको जीवनकथा पुस्तिका निजकै सहभागितामा तयार गरिनु पर्दछ र निजलाई निजको जीवन पर्यन्त उपलब्ध गराइनु पर्दछ ।

**ख.बालबालिकाप्रतिको कानुनी जिम्मेवारी**

९९. बालक वा बालिकाका आमाबाबु अनुपस्थित भएको वा बालक वा बालिकाको सर्वोत्तम हितमा दैनिक निर्णय गर्न नसकेको स्थितिमा अधिकारप्राप्त प्रशासनिक वा न्यायिक निकायले निजलाई वैकल्पिक हेरचाहमा राख्ने आदेश वा अधिकार दिसकेको छ भने बालक वा बालिकासँगको पूर्ण परामर्शमा आमाबाबुको सट्टा यस्तो निर्णय गर्ने अधिकार र दायित्व तोकिएको व्यक्ति वा अधिकारप्राप्त निकायमा निहित गरिनु पर्दछ । यस्तो व्यक्ति वा निकाय तोक्ने संयन्त्र भए-नभएको राज्यले सुनिश्चित गर्नु पर्दछ ।

१००. यस्तो कानुनी दायित्व अधिकारप्राप्त निकायले लिनु पर्दछ र दायित्वको सुपरिवेक्षण प्रत्यक्ष रूपमा स्वयम्ले नै गर्नु पर्दछ वा गैरसरकारी संस्थाहरूलगायत औपचारिक रूपमा मान्यता प्राप्त निकायहरू मार्फत् गराइनु पर्दछ । सम्बन्धित व्यक्ति वा निकायको कामप्रतिको जवाफदेहिता निजलाई तोक्ने/नियुक्त गर्ने निकायमा निहित हुनु पर्दछ ।

१०१. यस्तो कानुनी दायित्व निर्वाह गर्ने व्यक्ति बालबालिकाका मुद्दाको सान्दर्भिक ज्ञान, प्रत्यक्ष रूपमा बालबालिकासँग काम गर्ने क्षमता र बालबालिकाका विशेष तथा सांस्कृतिक आवश्यकताबारे बुझाइ भएका प्रतिष्ठित व्यक्ति हुनु पर्दछ । यस सम्बन्धमा निजले उपयुक्त प्रशिक्षण एवम् व्यावसायिक सहयोग पाउनु पर्दछ । यसका अतिरिक्त निज सम्बन्धित बालबालिकाको सर्वोत्तम हित र प्रत्येक बालक वा बालिकाको कल्याणलाई प्रवर्द्धन तथा संरक्षण गर्ने खालका स्वतन्त्र तथा निष्पक्ष निर्णय गर्ने स्थितिमा हुनु पर्दछ ।

१०२. नियुक्त गरिएका व्यक्ति वा निकायका भूमिका तथा निर्दिष्ट दायित्वमा निम्न कुरा समेटिएको हुनु पर्दछ :

(क) बालक वा बालिकाका अधिकारको संरक्षण भए-नभएको र विशेष गरी निजले उपयुक्त हेरचाह, बासस्थान, स्वास्थ्योपचार, आफ्नो विकास गर्ने अवसर, मनोवैज्ञानिक-सामाजिक सहयोग र शैक्षिक तथा भाषिक सहयोग पाए-नपाएको सुनिश्चित गर्ने,

(ख) निर्णय गर्ने निकायले बालबालिकाका विचारबारे मनन गर्न सकोस् भन्नाका लागि निजहरूसँग परामर्श गरी र निजका अधिकारबारे सल्लाह र जानकारी दिई आवश्यकता अनुरूप कानुनी तथा अन्य प्रतिनिधित्वमा निजको पहुँच सुनिश्चित गर्ने,

(ग) बालबालिकाको सर्वोत्तम हितका लागि स्थायी समाधान पहिचान गर्न योगदान पुऱ्याउने

(घ) बालबालिकालाई सेवा प्रदान गर्न सक्ने खालको बालबालिका र संघसंस्थाहरूबीच 'लिङ्क' प्रदान गर्ने,

(ङ) परिवार पहिल्याउन बालबालिकालाई सहयोग गर्ने,

(च) पुनरागमन वा पारिवारिक पुनःएकीकरण बालबालिकाको सर्वोत्तम हितमा हुने-नहुने सुनिश्चित गर्ने,

(छ) आवश्यकताअनुरूप परिवारसँग सम्पर्क राख्न बालक वा बालिकालाई सहयोग गर्ने ।

१. **औपचारिक हेरचाहका निम्ति जिम्मेवार निकाय र सुविधाहरु**

१०३. समाज कल्याण सेवा वा अन्य अधिकारप्राप्त निकायद्वारा औपचारिक सेवा सञ्चालन गरिन सबै निकाय तथा संस्थानहरूले दर्ता गरिनुपर्ने र अधिकार प्राप्त गर्नुपर्ने व्यवस्था कानुनमा गरिनु पर्दछ। कानुनको पालना नगर्नु कानुनको नजरमा दण्डनीय कसुर मानिने प्रावधान पनि राखिनु पर्दछ । निकाय तथा संस्थानहरूलाई अधिकार प्रदान गरिनु पर्दछ र निकाय वा संस्थाका कम्तिमा उद्देश्य, कार्य, कर्मचारीको भर्ना तथा योग्यता, हेरचाहका सर्त र वित्तीय स्रोत तथा व्यवस्थापन समेटिएको मानक आधारमा (स्टयान्डर्ड क्राइटेरिया) अधिकारप्राप्त निकायले सो अधिकारको समीक्षा गर्नु पर्दछ।

१०४. योग्य र उपयुक्त हेरचाहकर्ताहरूको भर्ना, अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनका लागि स्पष्टसँग परिभाषित लक्ष्य, नीति, तरिका र मापदण्ड निर्धारण गरेको यस निर्देशिकासँग नबाभिने लिखित नीति तथा अभ्यास सबै निकाय एवम् संस्थानहरूसँग हुनु पर्दछ ।

१०५. सबै निकाय एवम् संस्थानहरूले यस निर्देशिकासँग नबाभिने कर्मचारी आचारसंहिता तयार गर्नु पर्दछ। आचारसंहितामा प्रत्येक व्यवसायी र खास गरी हेरचाहकर्ताको भूमिका

परिभाषित भएको र टोलीको कुनै सदस्यको तर्फबाट भएको कुआचरणबारेको अभियोग सम्बन्धी प्रतिवेदन कार्यविधि समावेश गरिएको हुनु पर्दछ ।

१०६. हेरचाह व्यवस्थालाई सहयोग गर्ने आर्थिक स्वरूप यस्तो हुनु पर्दछ जसले निकाय वा संस्थानद्वारा गरिने हेरचाह बन्दोबस्तमा बालक वा बालिकाको अनावश्यक स्थापन वा लामो बसाइलाई कहिल्यै पनि प्रोत्साहित नगरोस् ।

१०७. हेरचाहमा रहेका सबै बालबालिका, कार्यरत कर्मचारी र आर्थिक कारोबारका विस्तृत फाइलहरू लगायत वैकल्पिक हेरचाह सेवाको प्रशासन सम्बन्धी बृहत् एवम् अद्यावधिक अभिलेखहरू राखिनु पर्दछ ।

१०८. हेरचाहमा रहेका बालबालिका सम्बन्धी अभिलेखहरू पूर्ण, अद्यावधिक, गोप्य एवम् सुरक्षित हुनु पर्दछ । यस्ता अभिलेखमा प्रत्येक बालक वा बालिकाको भर्ना तथा प्रस्थान र स्थापनको स्वरूप, विषयवस्तु र विवरण समावेश गरिएको हुनु पर्दछ । अभिलेखहरूमा पहिचान सम्बन्धी उपयुक्त कागजात र अन्य व्यक्तिगत जानकारी पनि समावेश गरिएको हुनु पर्दछ । बालक वा बालिकाका फाइलहरू र नियमित मूल्याङ्कनमा आधारित प्रतिवेदनहरूमा निजको परिवार सम्बन्धी सूचना समावेश गरिनु पर्दछ । यो अभिलेख बालक वा बालिकाको वैकल्पिक हेरचाह अवधिभर प्रयोग गरिनु पर्दछ र निजको चालू हेरचाहका लागि अधिकार प्राप्त उत्तरदायी व्यवसायीहरूले हेर्नु पर्दछ ।

१०९. माथि उल्लिखित अभिलेखहरू बालबालिका वा बालबालिकाको गोपनीयताको अधिकारको हदभित्र रही निजका आमाबाबु वा अभिभावकलाई उपलब्ध गराउन सकिन्छ । अभिलेखहरू हेर्नुभन्दा अघि, हेरिरहेको बेला र हेरिसकेपछि उपयुक्त परामर्श प्रदान गरिनु पर्दछ ।

प्रत्येक बालक वा बालिकासँग सम्बद्ध सूचनाको गोपनीयता निर्वाह गर्ने र सो गोपनीयताप्रति सबै हेरचाहकर्ताहरू सचेत एवम् निष्ठावान् हुनेबारे स्पष्ट नीति सबै वैकल्पिक सेवामा हुनु पर्दछ ।

११०. असल अभ्यासको रूपमा सबै निकाय तथा संस्थानहरूले बालबालिकासँग प्रत्यक्ष सम्पर्कमा रहेका हेरचाहकर्ता र अन्य कर्मचारीहरू (काममा लगाइनुभन्दा अघि) बालबालिकासँग काम गर्न कति उपयुक्त छन् भन्ने बुझ्न उनीहरूको व्यवस्थित रूपमा उपयुक्त एवम् बृहत् लेखाजोखा गरिनु पर्दछ ।

१११. निकाय र संस्थानद्वारा काममा लगाइएका हेरचाहकर्ताहरूको पारिश्रमिक लगायत अन्य कार्य सर्तहरू यस्तो हुनु पर्दछ जसले उत्प्रेरणा, कार्य सन्तुष्टि र निरन्तरतालाई अत्याधिक तुल्याई उपयुक्त एवम् प्रभावकारी ढङ्गले भूमिका निर्वाह गर्न सम्बन्धितहरूलाई सहयोग गरून् ।

११२. आमाबाबुको हेरचाहविनाका बालबालिकाका अधिकार र विशेष गरी आकस्मिक स्थापन वा बस्दै आएको आवासीय क्षेत्रभन्दा बाहिर स्थापनजस्ता कठिन स्थितिमा बालबालिकाको सङ्कटाभिमुखता सम्बन्धी तालिम सबै हेरचाहकर्ताहरूलाई प्रदान गरिनु पर्दछ । सांस्कृतिक, सामाजिक, लैङ्गिक र धार्मिक संवेदनीकरण पनि सुनिश्चित गरिनु पर्दछ । यसरी नै यी प्रावधानहरूको कार्यान्वयनलाई अनुकूल तुल्याउन यी व्यावसायीहरूको मान्यताका लागि राज्यले पर्याप्त स्रोत एवम् 'च्यानेलहरू' प्रदान गर्नु पर्दछ ।

११३. द्वन्द्व समाधान गर्ने तरिका तथा हानी वा आत्महानीका कार्य रोकथाम गर्ने साधन लगायत चुनौतीपूर्ण व्यवहारलाई उचित ढङ्गले सम्बोधन गर्ने सम्बन्धमा निकाय वा संस्थानका सबै हेरचाहकर्ताहरूलाई तालिम दिइनु पर्दछ ।

११४. विशेष आवश्यकता भएका खासगरी एच.आई.भी./एड्स र अन्य दीर्घ शारीरिक वा मानसिक रोग सहित बाँचिरहेका र शारीरिक वा मानसिक अपाङ्गता भएका बालबालिकाको सेवा गर्न हेरचाहकर्ताहरू तयार छन्-छैनन् भन्ने कुरा निकाय र संस्थानहरूले सुनिश्चित गर्नु पर्दछ ।

## २. संरक्षक (फोष्टर) स्याहार/हेरचाह

११५. सम्भाव्य फोस्टर (संरक्षक परिवार) हेरचाहकर्ताहरूमा भएका स्रोत तथा क्षमताको आधारमा बालबालिकाका आवश्यकता लेखाजोखा गर्न र स्थापनका लागि सबै सम्बन्धितहरूलाई तयार गर्न अधिकार प्राप्त व्यक्ति वा निकायले एउटा प्रणाली स्थापित गरी सोहीअनुसार सम्बन्धित कर्मचारीहरूलाई तालिम दिनु पर्दछ ।

११९ परिवार, समुदाय र सांस्कृतिक समूहसँग सम्बन्ध निर्वाह गर्दै बालबालिकालाई हेरचाह र संरक्षण प्रदान गर्न सक्ने मान्यता प्राप्त फोस्टर (संरक्षक परिवार) हेरचाहकर्ताहरूको हरेक स्थानमा सामूहिक सहयोग गर्ने खालका समूह (आवश्यकता पर्दा सामाग्री उपलब्ध गराई सहयोग गर्ने) बनाइनु पर्दछ ।

१२०. फोस्टर (संरक्षक परिवार) हेरचाहकर्ताहरूका लागि विशेष तयारी, सहयोग तथा परामर्श सेवाको विकास गरिनु पर्दछ र सो सेवा स्थापनअघि, स्थापन हुँदाको बेला र स्थापनपछि नियमित अन्तरालमा हेरचाकर्ताहरूलाई उपलब्ध गराइनु पर्दछ ।

१२१. आमाबाबुको हेरचाह विनाका बालबालिकासँग संलग्न 'फोस्टरीङ' निकाय वा अन्य प्रणालीभित्र आफ्नो आवाज सुनिन र नीतिलाई प्रभावित गर्न हेरचाहकर्ताहरूसँग अवसर हुनु पर्दछ ।

१२२. महत्वपूर्ण पारस्परिक सहयोग प्रदान गर्ने र अभ्यास तथा नीतिको विकासमा योगदान पुऱ्याउने खालका फोस्टर हेरचाहर्ताहरूको संघ गठन गर्न प्रोत्साहन दिइनु पर्दछ ।

## ग. आवासीय हेरचाह

१२३. आवासीय हेरचाह गर्ने संस्थानहरू साना हुनु पर्दछ र बालबालिकाका अधिकार एवम् आवश्यकताको सेरोफेरोमा संगठित हुनु पर्दछ । यस्ता संस्थानहरू यथासम्भव परिवार वा सानो समूह वातावरणको नजिक हुनु पर्दछ । अस्थायी हेरचाह प्रदान गर्नु र बालक वा बालिकाको पुनः पारिवारिक एकीकरणमा योगदान पुऱ्याउनु वा यसो गर्न सम्भव नभए उचित लागेमा धर्मपुत्र-पुत्री ग्रहण वा इस्लाम कानुनको काफला मार्फत् वैकल्पिक पारिवारिक वातावरणमा निजको स्थायी हेरचाह सुनिश्चित गर्नु सामान्यतः यी संस्थानहरूका उद्देश्य हुनु पर्दछ ।

१२४. आवश्यक र उपयुक्त भएमा संरक्षण एवम् वैकल्पिक हेरचाहको नितान्त आवश्यकता भएको बालक वा बालिकालाई फौजदारी न्यायका अधीन रहेका बालबालिकाबाट छुट्टै राख्न उपायहरू गरिनु पर्दछ ।

१२५. यस्ता संस्थानहरूमा उपयुक्त भर्ना मात्र लिइयोस् भन्ने सुनिश्चित गर्न राष्ट्रिय वा स्थानीय अधिकार प्राप्त निकायले कडा छनोट कार्यविधि अपनाउनु पर्दछ ।

१२६. व्यक्तिपिच्छे ध्यान पुऱ्याउन र उपयुक्त लागेमा खास हेरचाहकर्तासँग स्नेह स्थापित गर्न बालक वा बालिकालाई अवसर प्रदान गर्न आवासीय हेरचाह केन्द्रमा पर्याप्त हेरचाहकर्ताहरू भए-नभएको राज्यले सुनिश्चित गर्नु पर्दछ । हेरचाह केन्द्रमा हेरचाहकर्ताहरू पनि यसरी खटाइनु पर्दछ कि उनीहरूले सो केन्द्रको लक्ष्य तथा उद्देश्य प्रभावकारी ढङ्गले कार्यान्वयन गर्न र बालबालिकाको संरक्षण सुनिश्चित गर्न सकून् ।

१२७. आवासीय हेरचाह स्थापनका लागि निकाय, संस्थान वा व्यक्तिद्वारा गरिने बालबालिकाको भर्ना वा भर्नाका लागि अनुरोधलाई कानुन, नीति र नियामावलीले निषेध गर्नु पर्दछ ।

## घ. निरीक्षण तथा अनुगमन

१२८. हेरचाह व्यवस्थामा संलग्न निकाय, संस्थान र व्यवसायीहरू अधिकार प्राप्त विशेष सार्वजनिक निकायप्रति जवाफदेही हुनु पर्दछ । सो निकायले निर्धारित र अघोषित दुवै प्रकारका भ्रमण सुनिश्चित गर्नु पर्दछ । यस्ता भ्रमणमा कर्मचारीहरू तथा बालबालिकाको पर्यवेक्षणका साथै निजहरूसँग छलफल गरिन्छ ।

१२९. सम्भव र उपयुक्त भएसम्म निरीक्षण कार्यले हेरचाह प्रदायकहरूका लागि तालिम तथा क्षमता अभिवृद्धिको अवयव (कम्पोनेन्ट) समेटेको हुनु पर्दछ ।

१३०. मानवअधिकार प्रवर्द्धन तथा संरक्षणका लागि राष्ट्रिय संस्थानहरूको हैसियतसँग सम्बद्ध सिद्धान्तहरू (पेरिस सिद्धान्तहरू)[३] को यथोचित मननका साथ एक स्वतन्त्र अनुगमन संयन्त्र सुनिश्चित गर्न राज्यलाई प्रोत्साहित गर्नु पर्दछ । अनुगमन संयन्त्रमा बालबालिका, आमाबाबु र आमाबाबुको हेरचाहविनाका बालबालिकाप्रति उत्तरदायी व्यक्तिहरूको सहज पहुँच हुनु पर्दछ । अनुगमन संयन्त्रका कार्यहरूमा निम्न कुरा समेटिएको हुनु पर्दछ :

(क) सबै स्वरूपका वैकल्पिक हेरचाहमा गोपनीयता भङ्ग नगर्ने सर्तमा बालबालिकासँग परामर्श गर्ने, बालबालिका बस्ने हेरचाह केन्द्रमा भ्रमण गर्ने र गुनासोको आधारमा वा बालअधिकार उल्लंघन भएको अभियोग लागेको स्थितिमा आफ्नै पहलमा सम्बन्धित हेरचाह केन्द्रको अनुसन्धान गर्ने,

(ख) आमाबाबुको हेरचाहबाट वञ्चित बालबालिकाको व्यवहार सुधार्ने र बालबालिकाको संरक्षण, स्वास्थ्य, विकास र हेरचाहसम्बन्धी अनुसन्धान परिणामको प्राधान्यलाई सुनिश्चित गर्ने लक्ष्यसहित उपयुक्त अधिकारप्राप्त निकायहरूलाई सान्दर्भिक नीति सिफारिस गर्ने,

(ग) मस्यौदा कानुन सम्बन्धी प्रस्ताव तथा टिप्पणी पेस गर्ने,

(घ) यस निर्देशिकाको कार्यान्वयन सम्बन्धमा बालअधिकार समितिलाई आवधिक राज्य पक्षीय प्रतिवेदन लगायत बालअधिकार महासन्धि अन्तर्गतको प्रतिवेदन प्रक्रियालाई स्वतन्त्र रूपमा योगदान पुऱ्याउने ।

**ङ. सहयोग पश्चात्को सहयोग**

१३१. निकाय तथा संस्थानहरूसँग स्पष्ट नीति हुनु पर्दछ र उपयुक्त हेरचाहोत्तर/अनुगमन सुनिश्चित गर्न बालबालिकासँग गरेको कामको योजना गरिएको र नगरिएको निष्कर्षसँग सम्बन्धित सहमत कार्यविधि सञ्चालन गर्नु पर्दछ । बालक वा बालिकालाई आत्मनिर्भरता र सामाजिक तथा जीवनोपयोगी सीपहरूको आर्जनमार्फत् समुदायमा पूर्णरूपेण एकीकरण गर्नका निम्ति तयार गर्ने तर्फ यी निकाय तथा संस्थाहरू हेरचाह अवधिभर व्यवस्थित रूपमा लक्षित हुनु पर्दछ ।

---

३ अनुसूची ४८/१३४, संशोधित

१३२. हेरचाहदेखि र हेरचाहोत्तरसम्मको संक्रमण प्रक्रियामा बालक वा बालिकाको लिङ्ग, उमेर, परिपक्वता र खास परिस्थितिलाई मनन गरिनु पर्दछ र मुख्यतः शोषणलाई पन्छाउन परामर्श र सहयोग समावेश गरिनु पर्दछ। हेरचाह केन्द्रबाट बिदा भएर जाने बालबालिकालाई हेरचाहोत्तर जीवनको योजनामा भाग लिन प्रोत्साहित गरिनु पर्दछ। विशेष आवश्यकता (जस्तै-अपाङ्गता) भएका बालबालिकाले अनावश्यक निःसंस्थाकरण पन्छाउने लगायतका कुरा सुनिश्चित गर्दै कुनै उपयुक्त सहयोग प्रणालीबाट लाभ लिनु पर्दछ। विभिन्न हेरचाह केन्द्रहरूबाट आएका खास गरी विशेष आवश्यकता भएका बालबालिकालाई रोजगारीमा लगाउन निजी तथा सार्वजनिक क्षेत्रहरूलाई प्रोत्साहित गर्नु पर्दछ।

१३३. प्रत्येक बालक वा बालिकाका लागि यस्तो विशेषज्ञता हासिल गरेको व्यक्ति उपलब्ध गराउने विशेष प्रयास गरिनु पर्दछ, जसले हेरचाह केन्द्रबाट बिदा हुन लागेको बालक वा बालिकाको स्वाधीनतालाई सहजीकरण गर्न सकोस्।

१३४. स्थापनमा हेरचाह पश्चातको तयारी यथासम्भव चाँडो गरिनु पर्दछ र कुनै पनि स्थितिमा बालबालिकाले हेरचाह केन्द्र छाड्नुभन्दा अगाडि नै गरिनु पर्दछ।

१३५. आर्थिक रूपमा स्वाधीन हुन र आय आर्जन गर्नका निम्ति सहयोग गर्न हेरचाह केन्द्र छाड्न लागेका बालबालिकालाई जीवनोपयोगी सीप शिक्षाको अंशको रूपमा उपलब्ध शैक्षिक एवम् व्यावसायिक तालिम अवसरहरू प्रदान गरिनु पर्दछ।

१३६. हेरचाह केन्द्र छाड्न लागेका र हेरचाहोत्तरमा रहेका बालबालिकालाई उपयुक्त वित्तीय सहयोगसहित सामाजिक, कानुनी र स्वास्थ्य सेवामा पनि पहुँच प्रदान गरिनु पर्दछ।

## ८. आफ्नो आवास भएको मुलुकभन्दा बाहिर बसेका बालबालिकाका लागि हुने हेरचाह सम्बन्धी प्रावधान

### क. विदेशमा रहेका बालबालिकाको स्याहार

१३७. औषधोपचार, अस्थायी बसोबास वा अन्य कारणले आफ्नो आवास भएको मुलुकभन्दा बाहिर पठाइनुपर्ने बालक वा बालिकाको बन्दोबस्त गर्न संलग्न सबै सार्वजनिक र निजी निकायहरू एवम् व्यक्तिहरूमा प्रस्तुत निर्देशिका लागू हुन्छ।

१३८. विशेष गरी विदेशमा बच्चा राख्ने हेरचाहकर्ताहरूको छनोट , हेरचाहको गुणस्तर र यस्ता योजनाको सुपरिवेक्षण तथा अनुगमनका आधार सम्बन्धी मापदण्ड निर्धारणका लागि तोकिएको निकायसँग दायित्व छ भन्ने कुरा सम्बन्धित राज्यले सुनिश्चित गर्नु पर्दछ।

१३९. यस्तो स्थितिमा उपयुक्त अन्तर्राष्ट्रिय सहयोग र बालसंरक्षण सुनिश्चित गर्न हेग महासन्धिलाई अनुमोदन वा स्वीकार गर्न प्रोत्साहित गरी राज्यलाई बालसंरक्षणका व्यावहारिक कानुन, मान्यता र सहयोग सम्बन्धित आमाबाबुको दायित्व र उपायको सम्बन्धमा अधिकारक्षेत्र गरिन्छ १९ अक्टोबर १९९६ [४] अबलम्बन गराउने।

**ख. पहिले नै विदेशमा रहेका बालकबालिकाकाको लागि हेरचाह प्रावधान**

१४०. जुनसुकै कारणले भए पनि आफ्नो आवास भएको मुलुकभन्दा बाहिरको मुलुकमा बस्दा बालक वा बालिकालाई आवश्यक पर्ने हेरचाहको बन्दोबस्तमा संलग्न सबै सार्वजनिक र निजी निकायहरू एवम् व्यक्तिहरूमा प्रस्तुत निर्देशिका तथा अन्य सान्दर्भिक अन्तर्राष्ट्रिय प्रावधानहरू लागू हुनु पर्दछ।

१४१. पहिले नै विदेशमा बसिरहेका साथ नपाएका वा छुट्टिएका बालबालिकाले सिद्धान्तः सम्बन्धित मुलुकका बालबालिकासरह नै संरक्षण तथा हेरचाह उपभोग गर्नु पर्दछ।

१४२. उपयुक्त हेरचाह व्यवस्था निर्धारण गर्दा साथ नपाएका वा छुट्टिएका बालबालिकाको विविधता र (जस्तैः- जातीय तथा भ्रमणशील पृष्ठभूमि वा सांस्कृतिक तथा धार्मिक विविधता) र भिन्नता कैरनअनुसार (केस-बाई-केस बेसिस) मनन गरिनु पर्दछ।

१४३. कुनै मुलुकमा यदाकदा आउनेलगायत साथ नपाएका वा छुट्टिएका बालबालिकालाई कुनै मुलुकमा प्रवेश गर्ने र बस्ने सम्बन्धी नियम भङ्ग गरेको कारणले मात्र स्वतन्त्रताबाट सिद्धान्ततः वञ्चित गराउनु हुन्न।

१४४. करकापमा गैरकानुनी क्रियाकलापहरूमा संलग्न भएबापत बालबालिकालाई प्रहरी हिरासतमा राखिनु हुन्न र जरिवाना पनि गरिनु हुन्न।

१४५. साथ नलागेका बालक वा बालिकाको पहिचान हुनासाथ निजका लागि अभिभावक नियुक्त गर्न वा आवश्यक परेको ठाउँमा निजको हेरचाह र सम्पन्नताका लागि उत्तरदायी संस्थाको प्रतिनिधित्वद्वारा हैसियत निर्धारण र निर्णय निर्माण प्रक्रियाभर निजलाई साथ दिन राज्यलाई दह्रो रूपमा प्रोत्साहित गरिन्छ।

१४६. साथ नपाएका वा छुट्टिएका बालक वा बालिकालाई हेरचाह केन्द्रमा ल्याउनासाथ निजको परिवार पहिल्याउन र पारिवारिक सम्बन्ध पुनःस्थापना गर्न सबै उचित उपायहरू गरिनु पर्दछ। तर यी उपाय बालक वा बालिकाको सर्वोत्तम हितमा हुनु पर्दछ र उपायमा संलग्न व्यक्तिलाई पनि कुनै खतरा हुनु हुन्न।

---

४ संयुक्त राष्ट्र संघ, संशोधित अंश २२०४, नं. ३९१३०

१४७. बालअधिकारको राम्ररी रक्षा गर्ने तरिकाले साथ नपाएका वा छुट्टिएका बालक वा बालिकाको भविष्यको योजना बनाउन सहयोग गर्न साविक आवास भएको मुलुकमा निजको जोखिम र सामाजिक तथा पारिवारिक अवस्थाको लेखाजोखा गर्नका निम्ति आवश्यक कागजात एवम् सूचना उपलब्ध गराउन सान्दर्भिक राज्य तथा सामाजिक सेवा निकायहरूले सबै उचित प्रयासहरू गर्नु पर्दछ ।

१४८. साथ नपाएका वा छुट्टिएका बालबालिकालाई निजहरूको साविक आवास भएको मुलुकमा निम्न अवस्थामा फर्काइनु हुन्न :

(क) जोखिम तथा सुरक्षा लेखाजोखापछि उनीहरूको सुरक्षा जोखिममा छ भन्ने विश्वसनीय कारणहरू भएमा,

(ख) फकाईनुभन्दा अगाडि आफ्नो मुलुकमा आमा वा बाबु, अन्य आफन्त, अन्य वयस्क हेरचाहकर्ता, सरकारी निकाय, अधिकारप्राप्त निकाय वा संस्थान बालबालिकाका लागि दायित्व वहन गर्न र निजहरूलाई उपयुक्त हेरचाह र संरक्षण दिन सहमत र सक्षम नभएमा,

(ग) अधिकारप्राप्त निकायको लेखाजोखाअनुसार अन्य कारणहरूबाट बालबालिकाको सर्वोत्तम हितमा नभएमा,

१४९. माथिका लक्ष्यहरू ध्यानमा राख्दै राज्यहरू, क्षेत्रहरू, स्थानीय अधिकारप्राप्त निकायहरू र नागरिक समाज संघहरूबीच सहयोग प्रवर्द्धन, सुदृढ र वृद्धि गरिनु पर्दछ ।

१५०. बालबालिकाको सर्वोत्तम हितमा भएको खण्डमा उनीहरू र उनीहरूका परिवारलाई कुनै खतरा नभएको खण्डमा कन्सुलर सेवाको प्रभावकारी संलग्नता वा सो हुन नसके आफ्नो मुलुकका कानुनी प्रतिनिधिको सहयोग लिइनु पर्दछ ।

१५१. साथ नपाएका वा छुट्टिएका बालक वा बालिकाप्रति उत्तरदायी व्यक्तिहरूले (बालक वा बालिकाको इच्छा वा सर्वोत्तम हित विपरीतबाहेक) निज र निजका परिवारबीच नियमित सञ्चारका लागि सहजीकरण गर्नु पर्दछ ।

१५२. धर्मपुत्र-पुत्री ग्रहण वा इस्लाम कानुनको काफला अवलम्बनलाई साथ नपाएका वा छुट्टिएका बालक वा बालिकाका लागि उपयुक्त प्रारम्भिक विकल्पको रूपमा मनन गरिनु हुन्न । बालक वा बालिकाका आमाबाबु, विस्तारित परिवार वा साविकका हेरचाहकर्ताको अवस्थिति निर्धारण गर्न प्रयासहरू गरिसकेपछि मात्र यो विकल्पबारे मनन गर्न राज्यलाई प्रोत्साहित गरिन्छ ।

## ९. आपतकालीन अवस्थामा गरिने हेरचाह

### क. निर्देशिकाको प्रयोग

१५३. अन्तर्राष्ट्रिय तथा गैर अन्तर्राष्ट्रिय सशस्त्र द्वन्द्व र विदेशी कब्जालगायत प्राकृतिक र मानव निर्मित प्रकोपबाट सिर्जना भएको सङ्कटकालीन स्थितिमा पनि प्रस्तुत निर्देशिका निरन्तर रूपमा लागू हुनु पर्दछ । आमाबाबुका हेरचाहविनाका बालबालिकाको तर्फबाट सङ्कटकालीन स्थितिमा काम गर्न इच्छुक व्यक्ति वा संस्थाहरूलाई यस निर्देशिका बमोजिम काम गर्न प्रोत्साहित गरिन्छ ।

१५४. यस्तो परिस्थितिमा सम्बन्धित क्षेत्रका राज्य वा 'डि फ्याक्टो' अधिकारप्राप्त निकायहरू, अन्तर्राष्ट्रिय समुदाय र बालकेन्द्रित सेवा प्रदान गरिरहेका वा प्रदान गर्ने आशय राखेका सबै स्थानीय, राष्ट्रिय, वैदेशिक एवम् अन्तर्राष्ट्रिय निकायहरूले निम्न कुरामा विशेष ध्यान दिनु पर्दछ :

(क) साथ नपाएका वा छुट्टिएका बालबालिकाका लागि दायित्व वहन गर्ने कार्यमा संलग्न सबै निकाय र व्यक्तिहरू पर्याप्त मात्रामा अनुभवी, प्रशिक्षित, स्रोतपूर्ण र सो कार्य उपयुक्त ढङ्गले गर्न सुसज्जित भए-नभएको सुनिश्चित गर्ने,

(ख) आवश्यकताअनुसार अस्थायी र दीर्घकालीन परिवारमा आधारित हेरचाह विकास गर्ने,

(ग) परिवारमा आधारित हेरचाहको विकास नहुन्जेलसम्म आवासीय हेरचाहलाई अस्थायी उपायको रूपमा मात्र प्रयोग गर्ने,

(घ) स्थायी वा दीर्घकालीन समयका लागि बालबालिकाका ठूला समूहहरूलाई एकैसाथ हेरचाह प्रदान गर्ने खालका नयाँ आवासीय सुविधाहरू (संस्थानहरू)को स्थापनमा बन्देज लगाउने,

(ङ) अनुच्छेद १६० मा वर्णन गरिएको परिस्थितिमा बाहेक बालबालिकाको 'क्रस-बोर्डर' विस्थापन रोकथाम गर्ने,

(च) परिवार पहिल्याउने र पुनःएकीकरण गर्ने प्रयासलाई अनिवार्य गराउने ।

### बिछोड (पारिवारिक विखण्डन) को रोकथाम

१५५. आमाबाबु वा प्राथमिक हेरचाहकर्ताहरूबाट बालबालिकालाई बिछोडिनबाट रोकथाम गर्न संस्था तथा अधिकारप्राप्त निकायहरूले हरेक प्रयास गर्नु पर्दछ र बालबालिकालाई मात्र

सहयोग तथा लाभ पुऱ्याउने कार्यले पारिवारिक बिखण्डन (बिछोड) लाई प्रोत्साहित गर्दैन भन्ने कुरा सुनिश्चित गर्नु पर्दछ ।

१५६. बालक वा बालिकाका आमाबाबु वा अन्य प्राथमिक हेरचाहकर्ताहरूको सक्रियतामा हुने बिछोडलाई निम्न तरिकाले रोकथाम गर्नु पर्दछ :

(क) शिक्षालगायत आधारभूत खाद्य, औषधी आपूर्ति र अन्य सेवामा सबै परिवारको पहुँच छ भन्ने कुरा सुनिश्चित गरेर,

(ख) आवासीय हेरचाह विकल्पहरूको विकासलाई सीमित तुल्याएर र यस्ता विकल्पहरू अति आवश्यक भएको ठाउँमा मात्र प्रयोग गरेर ।

## ख. हेरचाहको व्यवस्थापन

१५७. स्थानीय परिवेशमा बालबालिकाले हेरचाह र निजले सामना गरिरहेका बालसंरक्षण सम्बन्धी सवालहरूको अनुगमन र उत्तरदायित्व वहन गर्ने कार्यमा सक्रिय भूमिका निर्वाह गर्न समुदायलाई सहयोग गर्नु पर्दछ ।

१५८. बालक वा बालिकाको आफ्नै समुदायमा संरक्षण (फोस्टरिङ) लगायतको हेरचाहलाई प्रोत्साहन दिइनु पर्छ, किनभने यस्तो हेरचाहले सामाजिकीकरण र विकासमा निरन्तरता दिन्छ ।

१५९. साथ नपाएका वा छुट्टिएका बालबालिका दुर्व्यवहार र शोषणको उच्च जोखिममा पर्न सक्ने हुँदा निजहरूको संरक्षण सुनिश्चित गर्न हेरचाहकर्ताहरूका लागि अनुगमन तथा निर्दिष्ट सहयोग दृष्टिगत गरिनु पर्दछ ।

१६०. स्वास्थ्य, औषधोपचार वा सुरक्षासम्बन्धी कारणहरूले गर्दा अस्थायी रूपमा बाहेक सङ्कटकालीन स्थितिमा साविक आवास भएको मुलुकभन्दा अन्य मुलुकमा वैकल्पिक हेरचाहका लागि बालबालिकालाई सारिनु हुन्न । सार्नुपर्ने नै स्थिति आयो भने आफ्नो घरबाट सकेसम्म नजिकको मुलुकमा आमा वा बाबु वा बालक वा बालिकालाई ज्ञात भएको हेरचाहकर्ताको साथ लगाएर सार्नु पर्दछ र फर्किने स्पष्ट योजना तयार गर्नु पर्दछ ।

१६१. पारिवारिक पुनःएकीकरण उपयुक्त अवधिभित्र असम्भव प्रमाणित हुने देखिएमा वा बालक वा बालिकाको सर्वोत्तम हितविपरीत देखिएमा इस्लाम कानुन काफला वा धर्मपुत्र-पुत्री (आफ्ना) ग्रहणजस्ता स्थायी र निश्चित समाधानमा दृष्टि पुऱ्याउनु पर्दछ। यसो गर्न सकिएन भने सामूहिक गृह र अन्य सुपरिवेक्षित बसोबास व्यवस्थालगायत

संरक्षक हेरचाह वा उपयुक्त आवासीय हेरचाहजस्ता अन्य दीर्घकालीन विकल्पहरूबारे विचार गरिनु पर्दछ ।

## ग. परिवार पहिल्याउने पुनःएकीकरण

१६२. कुनै पनि सङ्कटकालीन स्थितिमा साथ नपाएका वा छुट्टिएका बालबालिकाको पहिचान, दर्ता र अभिलेख तयारी प्राथमिकताका कार्यहरू हुन् र यी कार्य यथासम्भव शीघ्र गरिनु पर्दछ ।

१६३. दर्तासम्बन्धी क्रियाकलापहरू यस कार्यका लागि उत्तरदायी र अनुभवी राज्यका अधिकारप्राप्त निकाय र स्पष्ट रूपमा कार्यादेश पाएका निकायले गर्नु पर्दछ वा यी निकायको प्रत्यक्ष सुपरिवेक्षण अन्तर्गत गरिनु पर्दछ ।

१६४. संकलन गरिएका सूचनाको गोप्य प्रकृतिको सम्मान गरिनु पर्दछ र सूचनाको सुरक्षित प्रयोग र भण्डारणका लागि उपयुक्त प्रणाली अपनाइनु पर्दछ । सूचना परिवार पहिल्याउने, पारिवारिक पुनःएकीकरण गर्ने र हेरचाह गर्ने प्रयोजनका लागि यथोचित कार्यादेश पाएका निकायहरूसँग मात्र आदान प्रदान गरिनु पर्दछ ।

१६५. पारिवारिक सदस्य वा प्राथमिक कानुनी वा परम्परागत हेरचाहकर्ताहरू पहिल्याउने कार्यमा संलग्न सबैले सम्भव भएको अवस्थामा मानक फाराम र पारस्परिक रूपमा मिल्ने कार्यविधि प्रयोग गर्दै समन्वयात्मक ढङ्गले काम गर्नु पर्दछ । आफ्ना कार्यले बालबालिका र अन्य सम्बन्धितहरूलाई खतरा नहुने कुरा उनीहरूले सुनिश्चित गर्नु पर्दछ ।

१६६. सम्बन्धको मान्यता र बालक वा बालिका र पारिवारिक सदस्यहरूको पुनःएकीकृत हुने इच्छाको पुष्टि प्रत्येक बालक वा बालिकाको हकमा जाँचिनु पर्दछ । परिवार पहिल्याउन गरिने सबै प्रयासहरू पूरा नहुन्जेल धर्मपुत्र-पुत्री (आफ्ना) ग्रहण, नाम परिवर्तन र परिवारदेखि टाढाका ठाउँमा आवतजावतजस्ता पारिवारिक पुनःएकीकरणलाई बिथोल्ने कुनै पनि कार्य गरिनु हुन्न ।

१६७. भविष्यमा पुनःएकीकरणलाई सहजीकरण गर्न सकियोस् भन्नाका लागि बालक वा बालिकाको कुनै पनि स्थापनका उपयुक्त अभिलेखहरू तयार गरिनु पर्दछ र सुरक्षित राखिनु पर्दछ ।

प्रकाशन

मासिक पत्रिका
Changa Monthly

VOICE OF CHILDREN
2057

प्रकाशन सहयोग

EveryChild.